# पोखरामा सार्वजनिक सम्पत्तिको बिग्रँदो अवस्था

जगन्नाथ अधिकारी र मिनबहादुर गिरी

निजी स्वामित्वमा नभएका प्राकृतिक र मानव-निर्मित स्रोत, साधन वा सम्पत्तिलाई सार्वजनिक सम्पत्ति भनिन्छ । हावा, पानी, खोला-नाला, ताल-तलैया, वन-जङ्गलजस्ता प्राकृतिक स्रोतलगायत सार्वजनिक चउर, भवन, मठ, मन्दिर, पाटी, पौवा, चौतारो, रूख-बिरुवा, धारा, कुवा, इनार, आदि सार्वजनिक सम्पत्ति हुन् । तर यस लेखमा सार्वजनिक सम्पत्ति भन्नाले सार्वजनिक जग्गा/जमिन, चौतारो, पोखरी, मठ, मन्दिर, पाटी, पौवालाई मात्र समावेश गरिएको छ । सार्वजनिक सम्पत्ति समाजको सुरक्षा, स्वास्थ्य तथा दिगो विकासका लागि अत्यावश्यक हुन्छन् । अझ, सहरी परिवेशमा त सार्वजनिक सम्पत्तिले विशेष महत्व राख्छन् । सहरीकरणसँगै धेरै व्यक्तिको आफ्नै जमिन/घर हुँदैन । यस्तो अवस्थामा खुला चउर, भवन, पाटी, पौवा, मठ, मन्दिर, रूख, पार्क, आदिजस्ता सार्वजनिक सम्पत्तिको महत्व झनै बढ्छ ।

सार्वजनिक सम्पत्तिलाई गाउँले परिवेशमा महत्वपूर्ण मानिदै आएको र यससम्बन्धी अध्ययनहरू नेपालमै प्रशस्त भए पनि सहरी परिवेशमा सार्वजनिक सम्पत्तिको महत्व र यसमा आएको परिवर्तनसम्बन्धी अध्ययन भने निकै कम पाइन्छन् । वन, चउर, पानी, आदि जस्ता सार्वजनिक सम्पत्तिहरूको ग्रामीण जीवन र जीविकोपार्जनमा महत्वपूर्ण भूमिका भएकाले यी स्रोतहरू, यिनीहरूको स्थिति, स्वामित्व तथा प्रबन्धबारे प्रशस्त अध्ययन भएका छन् । तर सहरी क्षेत्रका सार्वजनिक सम्पत्तिको परिवर्तनबारे कमै मात्र अध्ययन भएको पाइन्छ । काठमाडौंको सन्दर्भमा मठ-मन्दिर, पाटी-पौवा आदिको संरक्षणबारे अध्ययनहरू भएका छन् तर सार्वजनिक जग्गा-जमिनजस्ता सार्वजनिक सम्पत्तिहरूबारे अध्ययन भएको पाइएको छैन । सहरी क्षेत्रमा सार्वजनिक सम्पत्तिको अध्ययन नहुनु त्यस्ता सम्पत्तिको महत्व कम आँकिनु हो । ग्रामीण समुदायमा सार्वजनिक सम्पत्तिलाई साझा स्रोतको (Common Property Resources) रूपमा लिइन्छ जसले ग्रामीण जीवन, पेशा या जीविकोपार्जन (कृषि, पशुपालन, कृषि-वन आदि)मा सहयोग पुऱ्याउँछ । सहरी क्षेत्रमा भने मानिसहरूको पेशा प्राथमिक उत्पादन (Primary Production) नभएकोले यस्ता स्रोतको महत्वलाई ध्यान नदिइएको हुन सक्छ । तर सहरी क्षेत्रमा पनि सार्वजनिक सम्पत्तिहरू उत्तिकै महत्वपूर्ण हुन्छन् ।

सहरमा सार्वजनिक सम्पत्ति र विशेषगरी खुला चउरहरू सुरक्षाको दृष्टिले निकै महत्वपूर्ण र आवश्यक हुन्छन् । भुईंचालो, बाढी-पहिरोजस्ता अकस्मात आईपर्ने प्राकृतिक विपत् हुन् या आगलागीलगायतका मानव-सृजित विपत् हुन्, सबैको असर कम गर्न खुला स्थानहरू आवश्यक पर्छन् । खासगरी भुईंचालो आएको बेला मानिसहरूलाई तत्काल

*Studies in Nepali History and Society 7(2): 405-437 December 2002*
*© CSRD*

खुला ठाउँमा पुऱ्याउनु पर्छ किनकि भुईंचालो जाँदैको समयमा भन्दा लगत्तै हुने आगलागी, बाढी-पहिरोबाट धेरै मानिसहरूको मृत्यु हुन्छ । पोखरा र वरपरको क्षेत्र भूकम्प जाने क्षेत्रमा पर्ने हुनाले यहाँ भएका ठूला बस्तीहरूको नजिक खुला चउर आवश्यक पर्दछ ।[१] यसबाहेक, खेलकुद र अन्य शारीरिक अभ्यासका लागि पनि यस्ता सम्पत्ति आवश्यक छन् ।

मठ, मन्दिर, पाटी, पौवा, आदि सहरको साँस्कृतिक, सामाजिक र वातावरणीय प्रयोजनका निम्ति उत्तिकै आवश्यक छन् । साधारणतया सहरी क्षेत्रमा न्यून-आय भएका परिवारहरूले आफ्नो क्षमतामा खुल्ला ठाउँ, खेल्ने ठाउँ, मठ, मन्दिर, पार्क, आदि राख्न नसक्ने भएकाले उनीहरूका लागि सार्वजनिक सम्पत्ति निकै महत्वपूर्ण हुन्छन् । गरिबहरू र तिनीहरूका केटाकेटीको वृद्धि, स्वास्थ्य र सुरक्षाको लागि यी सम्पत्तिहरू आवश्यक छन् । सार्वजनिक सम्पत्तिको ह्रासले गरिब परिवारहरू धनी परिवारहरूभन्दा ज्यादा प्रभावित हुन्छन् ।

गरिब परिवारहरू ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा बसाइ सर्ने क्रम विश्वव्यापी रूपमा नै चर्किएको देखिएको छ । यसले गर्दा सहरी क्षेत्रको जनसङ्ख्या तीव्र गतिमा बढिरहेको छ । नेपालमै पनि देशको जनसङ्ख्याको १४ प्रतिशत सहरी जनसङ्ख्या भैसकेको छ । गरिबी अब गाउँले समस्या मात्रै रहेन; यो बिस्तारै सहरी समस्या बनिसकेको छ । बढ्दै गैरहेका सहरी गरिब परिवारहरूको जीविकोपार्जनमा सार्वजनिक जमिनले केही राहत पुऱ्याउने ठानिएको छ । यसै परिप्रेक्ष्यलाई मनन गर्दै सहरी कृषि, पशुपालन, आदि पेशाले सहरी गरिबको जीविकोपार्जनमा सहयोग पुऱ्याउने आशा लिई यस्ता व्यवसायलाई प्रश्रय दिइएको पाइन्छ, अन्यत्र । वातावरणीय जागरुकता सहरमा सार्वजनिक सम्पत्तिको आवश्यकता महसुस गरिनुको अर्को कारण हो । त्यस्तै, वातावरणीय बहसहरूमा सहरी वनको (Urban Forestry) अवधारणाले बिस्तारै प्रवेश पाएको छ ।

पोखराबारे उल्लेख्य अध्ययन/अनुसन्धानहरू भए पनि यीमध्ये धेरै अध्ययनहरू पोखराको प्राकतिक सुन्दरता र भौगोलिक/भौगर्भिक बनावटबारे छन् । मुख्यतः पुराना अध्ययनहरूमा यस्तो प्रवृत्ति देखिन्छ ।[२] अध्ययनको सङ्ख्या ठूलै भए पनि सार्वजनिक सम्पत्तिबारे खासै अध्ययन भएको पाइन्न । नेपालबारे विदेशीहरूद्वारा लिखित पुराना पुस्तकहरूमा पोखराबारे सानो-तिनो चर्चा त पाइन्छ तर यहाँका प्राकृतिक स्रोत, सार्वजनिक सम्पत्तिहरू र तिनको प्रयोग आदि विषयमा कुनै विवरण पाइँदैन । तिनमा पोखराको वाणिज्य क्षेत्रको सम्भावना, सहरको साधारण बयान, आदि पाइन्छन् । विलियम

---

१ पृथ्वीमा भौगर्भिक हल-चल (Geolegical movement) हुने क्षेत्रमध्ये हिमालय क्षेत्र पनि पर्दछ । युरो-एसियन भौगर्भिक प्लेट (Euro-Asian Plate) मा भारतीय भौगर्भिक प्लेट (Indian Plate) धस्सिन पुगेपछि हिमालहरू बन्न पुगेका हुन् र यी प्लेटहरूको हलचलले गर्दा भुईंचालोहरू आइरहने सम्भावना बढी हुन्छ ।

२ अधिकारी र सेडन (सन् २००२) मा पोखराबारे भएका अध्ययनहरूको विस्तृत चर्चा गरिएको छ ।

कर्कप्याट्रिक (सन् १७९३) ले पोखरा भ्रमणको क्रममा सेती नदीको पुल तरेको र म्याग्दी, बेनीसम्म पुगेको बयान गरेका छन् । सन् १८१९ मा पोखरा भ्रमण गरेका हेमिल्टन (सन् १९७१) को पुस्तकमा पोखरामा नेपालभरका व्यापारी आउने कुरा लेखिएको छ । त्यसबखत पोखरा तिब्बत-भारत र जुम्ला-काठमाडौंको व्यापारिक मार्गमा पर्दथ्यो । त्यस्तै, पर्सिवल ल्याण्डन (सन् १९८७) को पुस्तकमा पोखराबारे साधारण टिप्पणीहरू छन् । सन् १८९९ मा पोखरा घुमेका जापानी नागरिक इकाइ कावागुची (सन् १९०९) ले यस ठाउँको प्राकृतिक सुन्दरताको बयान गरेका छन् । उनले पोखरालाई संसारकै एक सुन्दर ठाउँ माने पनि यो सहर उनलाई जापानी गाउँ जस्तै लागेको थियो । सन् १९५० मा पोखरा भ्रमण गर्ने टुची (सन् १९८७) ले यो प्रमुख व्यापारिक केन्द्र बन्ने अनुमान उहिल्यै गरेका थिए ।

पोखराको विस्तृत अध्ययन गर्नेहरूमध्ये हर्क गुरुङ (सन् १९६५) को अध्ययनलाई आधारस्तम्भ मानिन्छ । तर उनको अध्ययन भौगर्भिक र सामाजिक जीवनमा बढी केन्द्रित छ । भू-प्रयोग र सहरी विकासबारे विस्तृत विवरण सो अध्ययनमा समेटिए पनि यहाँका मानव-निर्मित, परम्परागत रूपमा विकास भएका भू-प्रयोगहरू जस्तै चौतारो, पोखरी आदिको विस्तृत विवरण प्रस्तुत भएको छैन । सो अध्ययनमा चौतारोबारे उल्लेखसम्म पाइन्छ तर सङ्ख्या र वितरणबारे विवरण भेटिँदैन । सन् १९७० को दशकपछि पोखरासम्बन्धी बग्रेल्ती अध्ययनहरू भएका छन् (मिरो सन् २०००, मर्फी सन् १९६५, राज सन् २०००, थापा सन् १९९०) । ब्लैकी र साथीहरू (सन् १९८०)को अध्ययनले पोखराको सहरी विकासमा विशेषतः सरकारी नीति र सरकारी कार्यालयहरूको वृद्धि नै प्रमुख मानेको छ । यसपछिका अन्य अध्ययनहरूमा मूलतः वाणिज्य, व्यापार, उद्योग, पर्यटन विकास र स्थिति, बसाइ-सराइ, भू-उपयोग र यसमा आएको परिवर्तन, आदि प्रमुख छन् (गुरुङ सन् १९८५, गुरुङ र अरु सन् २०००, बस्नेत र अरु सन् १९९२, गुरुङ सन् २००२, गुरुङ सन् १९७९, ज्ञवाली सन् १९९७, अधिकारी सन् २०००, के.सी. र अरु सन् १९९२, पण्डित सन् १९८९, पराजुली सन् १९९९ तथा सन् २०००, श्रेष्ठ सन् २०००) । यी अध्ययनहरूले पोखराका सार्वजनिक जग्गा क्रमशः कम हुँदै गैरहेको उल्लेख गरेका छन् । विभिन्न पत्र-पत्रिकाहरूमा पनि यो तथ्य औंल्याइँदै आइएको छ । यद्यपि, जग्गा-जमिन र अन्य सार्वजनिक सम्पत्तिहरू कति र कसरी ह्रास भएका छन्; अध्ययन भएको देखिँदैन । स्रोडर (सन् १९७८) ले बाटुलेचौरको अध्ययन गर्दा पहिलाको ठूलो बाटुलो चौर क्रमशः घट्दै गैरहेको उल्लेख गरेका छन् ।[३] र, यो चउर घट्नुमा व्यक्तिहरूको अतिक्रमण नै मुख्य कारण मानिएको छ ।

पोखराको सहरीकरणसँगै यहाँ रहेका सार्वजनिक सम्पत्तिः जग्गा-जमिन, चौतारी, पोखरी, पाटी-पौवा, आदि शनैः शनैः नासिँदै गएको प्रष्ट देखिन्छ । यस्ता सार्वजनिक

३ स्रोडरको अध्ययनको समयमा बाटुलेचौर ग्रामीण क्षेत्र रहे पनि हाल यो क्षेत्र पोखरा उप-महानगरपालिकाभित्र पर्छ ।

सम्पत्तिको समाप्तिबाट परेका वा पर्नसक्ने असरहरूको अध्ययन त परै जाओस्, कति खुला चउर/जमिन निजी जग्गामा परिणत भएर घरहरू ठडिए; कति जमिन सुकमबासीद्वारा र सुकुमबासीका नाउँमा हडपिए; कति पोखरीहरू सुकाइए; र कति चौतारीहरू नासिए त्यसको लेखाजोखासमेत हुन सकेको छैन । यसै परिप्रेक्ष्यमा पोखरा नगर क्षेत्रभित्रका सार्वजनिक सम्पत्ति (जग्गा-जमिन, चौतारो, पोखरी, मठ, मन्दिर र पाटी-पौवा)को वस्तुस्थिति अध्ययन गरिएको थियो, २०५८ सालमा । अध्ययनको मुख्य आधार तत्कालीन पोखरा नगर पञ्चायत कार्यालयले २०३५ सालमा सबै वडामा गरेको सार्वजनिक सम्पत्तिको मुचुल्का रहेको थियो ।

२०३५ सालको मुचुल्कामा कतिपय सार्वजनिक जमिनको कित्ता मात्र उल्लेख भएको र त्यस कित्तामा कति क्षेत्रफल थियो भन्ने उल्लेख नभएकाले हाल त्यो क्षेत्रफलमा कति परिवर्तन आएको छ भन्ने पत्ता लगाउन अप्ठेरो थियो/ छ । तैपनि छुटेका केही कित्ताको क्षेत्रफल र यसमा आएको परिवर्तनको विभिन्न उपायबाट लेखाजोखा गरिएको छ । मुचुल्काबाहेक स्थानीय बुढा-पाकाहरूसँग छलफल गरिनुका साथै अन्य उपलब्ध रिपोर्ट, पत्र-पत्रिकामा उल्लेख भएका जानकारीहरूलाई पनि अध्ययनमा उपयोग गरिएको थियो ।[४] सोही अध्ययनबाट पोखराको सार्वजनिक सम्पत्तिबारे प्राप्त विभिन्न तथ्यहरूको वर्णन र विश्लेषण गर्ने प्रयास यस लेखमा गरिएको छ । लेखको पहिलो परिच्छेदमा पोखराका सार्वजनिक सम्पत्ति र विशेषगरी चौतारो, पोखरी, सार्वजनिक जमिन कसरी घट्दै गएको छ भन्ने देखाइएको छ । सार्वजनिक सम्पत्तिहरू नासिनुका कारणहरू त्यसपछिको परिच्छेदमा केलाइएको छ, र अन्तमा निष्कर्ष प्रस्तुत छ । अनुसूचीमा २०३५ सालको सार्वजनिक सम्पत्ति मुचुल्कामा उल्लेख भएका सार्वजनिक जग्गाहरूको विवरण दिइएको छ ।

## सहरीकरण र सार्वजनिक सम्पत्तिको अतिक्रमण

पोखरा उपत्यकामा अहिले घना बस्ती भए पनि वरपरका पहाडका बस्ती भन्दा यो निकै नयाँ बस्ती मानिन्छ । हालको सहरी क्षेत्र ११औं शताब्दीसम्म शून्यप्रायः थियो । ऐतिहासिक दस्तावेजहरूबाट पोखरा मगर वा गुरुङ्ग राज्यअन्तरगत रहेको भन्न सकिन्छ । शाह राजाहरूले कास्कीकोट राज्य हत्याउनुअघि पोखरा घले गुरुङ्गहरूको राज्य थियो । स्याङ्जामा मगर राजाहरूलाई विस्थापित गरेपछि कुलमण्डन शाहले कास्कीकोट कब्जा गरेको इतिहासकारहरूको भनाई छ । र, तिनैले पोखरामा थुप्रै गाईहरू राखेको भनाई छ । खुला ठाउँहरू धेरै भएकाले नै पोखरामा थुप्रै गाईहरू राखिएको हुन सक्छ । पहिले, मलेरियाको प्रकोप हुनाले यहाँ बस्तीहरू निकै कम थिए । गर्मी ठाउँ भएकोले धान खेती

---

४ छलफल गरिएकाहरूमा २०१६ सालमा पोखरा नगरपालिका स्थापना हुँदाका प्रथम सचिव कृष्णजी शर्मा, तत्कालीन जिम्मुवाल पूर्णबहादुर बानिया र पोखराका पुराना बासिन्दा उत्तरकुमारी पालिखे मुख्य छन् ।

गर्न छेउछाउका पहाडबाट मानिसहरू सखारै बेंसी (पोखरा) झर्ने र साँझ उतै फर्कने गर्दथे । तर पछि पोखरा एउटा हिउँदे बस्तीको रूपमा विकास भयो । कुलमण्डन शाहले बाटुलेचौरमा जाडोमा बस्ने दरबार बनाएपछि त्यहाँ बिस्तारै बस्तीको विकास हुन थाल्यो । कास्कीकोट लैजान भारतको विन्ध्याचलबाट ल्याइएको मूर्ति विन्ध्यवासिनी थुम्कोमा रोकिएपछि त्यहीं मन्दिर स्थापना गरियो । मन्दिरको रक्षार्थ ब्राह्मणहरू पोखरा ल्याइए र उनीहरूलाई विर्ता स्वरूप जमिन प्रदान गरियो । र, यहाँबाट पनि बिस्तारै बस्तीहरूको विकास भयो । यही समयतिर भारत-तिब्बतको र जुम्ला-काठमाडौंको व्यापारिक मार्गमा पोखरा परेकोले यसको व्यापारिक महत्व बढ्न थाल्यो । विशेषगरेर हिउँद याममा व्यापारिक कारोबार धेरै हुने भएकाले अस्थायी बस्तीहरू विकास हुन्थे तर गर्मी लागेपछि यी बस्ती विलुप्त हुन्थे । कास्कीका अन्तिम राजाले सन् १७५२ मा भादगाउँ (भक्तपुर)बाट नेवारहरू लगेर सहर बनाउने काम शुरु गरे पनि सन् १७६९ मा गोरखाली राजा पृथ्वीनारायण शाहले काठमाडौंमा आधिपत्य जमाएपछि पोखराको बस्ती विकासमा तीव्रता आयो । गोरखा राज्य बिस्तारपछि पोखरा पश्चिम नेपालको सामरिक महत्वको सहर बन्न पुग्यो । विभिन्न सरकारी कार्यालयहरू स्थापना गरिए । नेवारहरू पोखरा आउने क्रम बढ्यो र बजारको निर्माण तथा बिस्तार हुन थाल्यो । यद्यपि, सन् १९५० को दशकसम्म पनि पोखरा बस्नको लागि प्रिय ठाउँ थिएन ।

प्रशासनिक दृष्टिले हेर्ने हो भने, राणाकालमा पश्चिम ३ नम्बरको क्षेत्रीय सदरमुकाम तोकिएपछि पोखरा बजारले महत्व पायो । २००७ सालको राजनीतिक परिवर्तनपश्चात बजार बिस्तारका पूर्वाधारहरूको विकास प्रकृया क्रमशः शुरु भयो । पोखरामा २००९ सालदेखि नै हवाईजहाज अवतरण गरे पनि २०१४ सालदेखि मात्रै जीप, मोटरहरू सञ्चालन भएको हो । २०१६ सालमा नगरपालिका घोषणा हुनुले पोखरा सहरोन्मुख भएको प्रष्टिन्छ । यद्यपि, २०२२ सालमा मात्र नगर पञ्चायतको रूपमा स्थापित भएको थियो । यसैबीच, २०१७ सालमा, भारतीय पेन्सन क्याम्पको स्थापना र पछि, २०२३ सालमा, ब्रिटिश पेन्सन क्याम्पको स्थापनाले व्यापारिक, प्रशासनिक एवं सेवाका दृष्टिले पोखराको महत्ता बढ्न थाल्यो । लगत्तै, २०२६ सालमा, सिद्धार्थ राजमार्ग (पोखरा-सुनौली)को निर्माणले पोखरा तराई र प्रकारान्तरले बाहिरीमुलुकसम्म जोडियो भने २०२९ सालमा पृथ्वी राजमार्ग (पोखरा-काठमाडौं)को निर्माणसँगै मुलुकको राजधानीसँग यो नजिकियो । यी दुई राजमार्गको निर्माणपछि त पोखरा झनै महत्वपूर्ण बन्यो । सडकसँगै आउने सबै सुविधाहरू उपलब्ध हुन थाले पोखरामा । र, सुविधाका कारणले, व्यापारिक दृष्टिकोणले, रोजगारीका कारणले पोखरामा बसोबास गर्नेहरूको सङ्ख्या अधिकाधिक बढ्न थाल्यो । हाल पोखराको जनसङ्ख्या वृद्धिदर मुलुककै सबैभन्दा उच्च–८ प्रतिशत–छ, र २०५८ सालको जनगणनाअनुसार पोखराको जनसङ्ख्या १ लाख ५६ हजार भन्दा बढि पुगेको छ ।

पश्चिम नेपालबाट विदेशमा (विशेषगरी बेलायती र भारतीय फौजमा) काम गरेर फर्केका धेरैले आफ्नो बचत रकम पोखरामै जग्गा किन्न र घर बनाउन खर्चेपछि जग्गा जमिनको उपलब्धतामा कमी आउनुका अतिरिक्त जग्गा-जमिनको मूल्य निकै बढ्यो । प्राकृतिक सौन्दर्यले भरिपूर्ण भएकाले पोखराले पर्यटकहरूलाई आकर्षित गर्नु स्वाभाविक थियो; फलतः होटल व्यवसाय छिटै फस्टायो । पोखरामा वर्षेनी करिब १ लाख विदेशी पर्यटकहरू आउने गरेका छन् । पर्यटकीय महत्वले गर्दा पनि पोखरामा जमिनको मूल्य बढिरहेको छ । पोखराको वाणिज्य र उद्योगमा भएको विकासको कारणले गाउँ-घरबाट गरिब परिवारहरू रोजगारीका लागि पोखरा आउने क्रम पनि बढिरहेको छ । यसरी रोजगारीमा आउनेहरूले प्रायः सुकुमबासी बस्तीहरू बढाउन सहयोग पुऱ्याइरहेका छन् । बसाइ सरेर आउनेहरूले गर्दा पोखराको जनसङ्ख्याको सामाजिक बनावटमा पनि परिवर्तन आइरहेको छ । पहिले ब्राह्मण-क्षेत्रीको बस्ती ज्यादा भएको पोखरामा अहिले गुरुङ्गहरू अधिक सङ्ख्यामा देखिएका छन् ।

सहरीकरण र बढ्दो जनसङ्ख्यासँगै आधुनिक भवन, सडक, जस्ता भौतिक संरचनाहरू निर्माण गरिनु स्वाभाविकै हो ।[५] तर, त्यस्ता संरचनाहरूको निर्माणक्रममा र बढ्दो जनसङ्ख्यालाई थेग्न पहिलेदेखि रहिआएका सार्वजनिक सम्पत्तिहरू नासिएका छन्; चउर, पोखरी, चौताराहरू मासिएका छन् । सरकारले २०३२ सालमा मुलुकभर आधुनिक सर्वे प्रणालीअनुसार जग्गा-जमिनको व्यवस्थित रेकर्ड राख्ने कार्यको थालनी गर्दासम्म पोखरामा मनग्ये सार्वजनिक जग्गा, चौतारो, पोखरीहरू थिए । तर, एकातर्फ सरकारले बाटो बनाउने/चक्ल्याउने निहुँमा चौतारो, पोखरी मास्न थाल्यो भने अर्कोतर्फ जग्गा-जमिनको भाउ बढेर जाँदा टाठा-बाठाहरूले विभिन्न भए/नभएका प्रमाण जुटाई सार्वजनिक जमिनलाई हडप्न थाले । त्यसमाथि थपिए सुकुमबासीहरू । फलतः सार्वजनिक सम्पत्तिहरू दिनपरदिन नासिँदै गए । तलका परिच्छेदमा पोखरामा चौतारो, पोखरी, सार्वजनिक जमिनहरू कसरी लोप हुँदै गएका छन् भन्ने चर्चा गरिन्छ ।

### *चौताराहरू*

पोखराको भू-दृश्य (Landscape) का केही विशेषतामध्ये चौतारोहरू पनि प्रमुख हुन् । सडकका दायाँबायाँ लहरै केही दूरीमा भएका बर, पिपल र समीका रूखहरू रोपिएका चौताराहरूले सहरको शोभा बढाउँथे । पदयात्रीहरूलाई मात्र होइन स्थानीय बासिन्दाहरूलाई पनि यी चौताराहरूले शितल छायाँ दिई आराम पुऱ्याउँथे । वृद्ध हुन् या बाल, वनिता सबैका प्यारा थिए, चौताराहरू । भला-कुसारी गर्न होस् या कचहरी

---

५ सडक विभागको तथ्याङ्कअनुसार पोखरामा सन् १९९७ र १९९९ को सडकको लम्बाई र सवारी साधनको आँकडा हेर्दा दुवै वार्षिक ४ प्रतिशतका दरले वृद्धि हुँदै गएको पाइन्छ । सन् १९८७ मा पोखरामा ९२ किलोमिटर सडक भएकोमा सन् १९९९ मा सो बढेर १२९ किलोमिटर पुगेको देखिन्छ । सोही अवधिमा सवारी साधनको संख्या ९,८५१ बाट बढेर १४,१३५ पुगेको थियो ।

लगाउन, यी चौताराहरूको उत्तिकै महत्व भएको पाइन्छ । त्यस्तै, यी रूखहरू जैविक-विविधताको दृष्टिले पनि महत्वपूर्ण मानिन्छन् । धेरै प्रकारका चरा-चुरुङ्गी, कीट-पतङ्ग तथा सुनाखरीजस्ता वनस्पतिहरूको घर थिए यी चौताराहरू । यी रूखमा फल्ने फल चरा-चुरुङ्गी तथा किट-पतङ्गका आहारा बन्थे ।

साधारणतया चौताराहरूको निर्माण धार्मिक दृष्टिबाट अर्थात् 'पुण्य कमाउन' गरिन्थे । धार्मिक हिसाबले नै प्रायः बर र पिपलका रूख एकै ठाउँमा रोपिने र तिनको विवाह गरिन्थ्यो । विभिन्न धार्मिक कार्यक्रमहरूमा बर, पिपल र समीका पातहरू आवश्यक पर्दछन् । त्यसबाहेक, यी रूख घाउ-चोट लाग्दा पनि चाहिन्थे; पिपलको रूखको बोक्रालाई सुकाएर धुलो बनाई घाउ-चोटमा लगाउनाले निको हुन्छ । चौतारोको नजिकै पोखरी बनाइन्थ्यो जसले गर्दा वस्तु-भाउलाई पिउने पानी उपलब्ध हुन्थ्यो; भैंसीहरू पानीमा आहाल बस्न सक्थे ।

गर्मी याममा पदयात्री, भरिया, आदिलाई सुविधा होस् भनेर चौतारोमा खानेपानी राखिन्थ्यो । माटोका ठूला घैंटा चौतारोमा गाडिने र तिनमा पानी राखिन्थ्यो जसले गर्दा पानी चिसो भैरहन्थ्यो । घैंटोको पानी निकालेर पिउनका लागि सानो भाँडो सँगै राखिन्थे । पानीको व्यवस्था गर्ने जिम्मा नजिकका बासिन्दाहरूको हुन्थ्यो जसले प्रत्येक विहान घैंटोमा पानी राखिदिन्थे । विशेष समयमा खुदो (उखुको उमालेको रस) मिसाएको पानी राखिन्थ्यो । यस्ता चौताराहरू विशेषगरी गर्मी बढी हुने र औलोको प्रकोप ज्यादा भएको ठाउँमा धेरै सङ्ख्यामा बनाइएका थिए । पोखराको पार्दी क्षेत्र–औलोको बढी प्रकोप हुने ठाउँ–मा अरू ठाउँको तुलनामा चौताराहरू प्रशस्तै थिए भन्ने भनाई बुढा-पाकाहरूको छ। सम्भवतः चौताराहरूका कारण औलोको प्रकोप कम हुने विश्वास थियो, त्यस बखत ।

पोखरामा पहिले कति चौताराहरू थिए, यकिनसाथ भन्न सकिंदैन । २०३५ सालको सार्वजनिक मुचुल्काअनुसार पोखरामा त्यसबेला ६३२ ओटा चौताराहरू भएको देखिन्छ । २०५८ सालमा आएर खोजबीन गर्दा २७८ ओटा चौताराहरू मात्र पोखरामा साबुत पाइए। यसरी गएको २३ वर्षमा ३५४ ओटा अथवा ५६ प्रतिशत चौतारो नष्ट गरिसकिए, विभिन्न बहानामा। तालिका १ ले वडाअनुसार चौताराहरूको घट्दो विवरण प्रष्ट पार्छ । तालिकाबाट वडा नम्बर १, २, ४, ९, १०, र १३ मा दुई-तिहाईभन्दा बढी चौताराहरू मासिएको देखिन्छ । तर वडा नम्बर १७ मा चौतारोको सङ्ख्यामा गत २३ वर्षमा कुनै परिवर्तन आएको छैन ।

पोखराका चौताराहरू नाश गर्नमा स्थानीय बासिन्दा र सरकार दुवैको भूमिका छ । २०१६ सालमा नगरपालिका बनेपछि सडकछेउ घर बनाउने चलन तीव्र गतिमा बढ्यो। तर पहिलादेखि नै बाटोछेउ चौताराहरू बनाइएकाले घर बनाउन चौतारो मास्न थालियो। त्यस्तै, वडा कार्यालयहरूले आम्दानी गर्न चौतारोका रूखहरू इट्टा-भट्टाहरूलाई बेच्न थाले । पोखरामा बिजुली र टेलिफोनको लाइन बिस्तार गर्न पनि प्रशस्त

चौताराहरू हटाइए । यी रूखहरू हटाउने प्रकृया हेर्दा धेरै चौताराहरू २०३२ साल अगावै हटाएको अनुमान गर्न सकिन्छ ।

**तालिका १ः पोखरामा २०३५ र २०५८ सालमा भएका चौताराहरूको सङ्ख्या**

| वडा नम्बर | २०३५ साल | २०५८ साल | घटेको (प्रतिशतमा) |
|---|---|---|---|
| १ | २२ | ७ | ६८.२ |
| २ | २२ | ७ | ६८.२ |
| ३ | ७ | ४ | ४२.८ |
| ४ | १८ | ६ | ६६.७ |
| ५ | ३५ | १८ | ४८.६ |
| ६ | ५३ | ३५ | ४०.० |
| ७ | ५३ | २४ | ५७.७ |
| ८ | ४९ | २२ | ५५.१ |
| ९ | ५५ | ९ | ८३.७ |
| १० | ३७ | ८ | ७८.४ |
| ११ | ५७ | २२ | ५७.९ |
| १२ | ४६ | २१ | ५४.३ |
| १३ | ३५ | १२ | ६५.७ |
| १४ | ३० | १७ | ४३.३ |
| १५ | ३८ | १४ | ६३.१ |
| १६ | ३२ | २० | ३७.५ |
| १७ | १७ | १७* | ०.० |
| १८ | २६ | १५ | ४२.३ |
| **जम्मा** | **६३२** | **२७८** | **५६.०** |

* यस वडामा साना र भग्नावशेषको रूपमा लगभग १५ ओटा थप चौताराहरू भएको देखिन्छ । तर २०३५ सालको मुचुल्कामा १७ ओटा चौताराहरू मात्र उल्लेख भएकोले हाल पनि केवल १७ ओटा मात्र भएको उल्लेख गरिएको छ ।

बढ्दो सहरीकरणले वातावरणमा पार्ने नकारात्मक प्रभाव हटाउन सहरी वन र रूख-बिरुवाको माध्यमबाट सहरी परिस्थितिकीय प्रणाली (Urban Ecology) सुदृढ बनाई वातावरण सुधार्ने प्रचलन अन्यत्र बढ्दै गर्दा पोखरामा रहेका चौताराहरू लोप हुनु दुःखदायी कुरा हो । चौताराहरूमा लगाइने ठूलाखाले रूख अथवा ठूला पात भएका बर र पिपलजस्ता रूखले सहरको धूलो र धुवाँ सोस्छन् र प्रदूषणबाट जनस्वास्थ्यमा पर्ने असर

कम गर्छन् । त्यस्तै, यी रूखले ध्वनि प्रदूषण पनि घटाउन मद्दत पुऱ्याउँछन् । यस्ता रूखको सट्टा हाल प्रचलनमा ल्याइएका बाहिरी प्रजातिका वनस्पतिहरूबाट न जैविक विविधता बढाउनमा सहयोग पुग्छ न प्रदूषण घटाउनमा नै ठूलो मद्दत पुग्छ ।

सहर विस्तारित र घना हुँदैजाँदा विकास हुने 'कंक्रिट जङ्गल'ले तापक्रम बढाउनमा उल्लेख्य भूमिका खेल्छ । सिमेन्टका घर एवं पक्की, कालोपत्रे सडकले ताप सोस्ने र केही समयपछि पुनः ताप छाड्ने हुँदा तापक्रममा वृद्धि हुन्छ । सहरहरूमा तापक्रम बढ्ने प्रकृयालाई कम गर्न रूख-बिरुवाको गतिलो योगदान सहरी वनको अवधारणा बिस्तारै व्यापक हुँदै छ । वास्तवमा पोखराको चौतारो बनाउने प्रचलनले सहरी वनको अवधारणालाई सहयोग पुऱ्याएको मान्न सकिन्छ । यो प्रचलन र हाल भएका चौताराहरूलाई जोगाइराख्नु पोखराको बढ्दो सहरीकरणको सन्दर्भमा पनि औचित्यपूर्ण देखिन्छ ।

***पोखरीहरू***

पोखरामा धेरै पोखरीहरू थिए भन्ने अनुमान यसको नामबाटै गर्न सकिन्छ । धेरै पोखरी भएकोले नै यसलाई 'पोखरा' भनिएको हो । पोखरामा प्राकृतिक तथा मानव-निर्मित पोखरीहरू धेरै थिए । हिमताल फुटेका बेला हिमालय या उच्च पहाडी क्षेत्रबाट सेती नदीले ल्याएको माटो-गेग्यान (Moraine) नदी बग्ने ठाउँमा थुप्रिएपछि तालहरू बन्दै गएका थिए । पोखरा उपत्यकामा ७ ओटा प्राकृतिक तालहरू भए पनि हाल जम्मा ३ ओटा ताल तालको रूपमा देख्न सकिन्छ । यी बाँकी रहेका तालहरू पनि क्रमशः पुरिँदै गैरहेका छन् ।

प्राकृतिक तालबाहेक पोखरामा मानव-निर्मित पोखरीहरू पनि प्रशस्तै थिए । सामान्यतया वर्षाको पानी (Rain Water) जम्मा गरिने यी पोखरीहरूको प्रयोजन गाई-भैंसी आदिलाई पानी खुवाउन र आहाल बस्न, लुगा-कपडा धुन, सिंचाई गर्न र अन्य घरायसी कार्यमा आवश्यक पानी सञ्चय गर्नु थियो । त्यसबाहेक, गाई-भैंसीलाई खोरेत रोग लाग्दा यस्ता पोखरीमा लगेर राखिन्थ्यो र रोग सञ्चो भएपछि मात्र घर लगिन्थ्यो ।

पोखरामा २०५८ सालमा गरिएको अध्ययनले यहाँका लगभग सबै पोखरीहरू नष्ट भएको देखाउँछ । २०३५ सालको मुचुल्काले पोखरामा त्यस बखत १५६ ओटा पोखरी थिए भन्ने थाहा पाइन्छ । तर २०५८ सालमा खोजीपस्दा केवल १३ ओटा मात्र पोखरी भेटिए । यसले २३ वर्षको अन्तरालमा पोखराका ९२ प्रतिशत पोखरीहरू नष्ट भएको प्रष्ट्याउँछ । तालिका २ ले २०३५ साल र २०५८ सालका पोखरीहरूको सङ्ख्या देखाउँछ जसअनुसार वडा नम्बर १८ मा अहिले पनि ३ ओटा पोखरी छन् भने वडा नम्बर १३, १४ र १५ मा प्रत्येकमा २ ओटा पोखरी र वडा नम्बर ७, ११, १६ र १७ मा एक-एक ओटा मात्र पोखरी साबुत छन् । बाँकी सबै वडाहरूमा भएका पोखरीहरू नासिए ।

**तालिका २: पोखरामा २०३५ साल र २०५८ सालमा भएका पोखरीहरूका विवरण**

| वडा नम्बर | २०३५ साल | २०५८ साल | घटेको (प्रतिशतमा) |
|---|---|---|---|
| १ | ५ | - | १००.० |
| २ | ३ | - | १००.० |
| ३ | २ | - | १००.० |
| ४ | ४ | - | १००.० |
| ५ | ११ | - | १००.० |
| ६ | ६ | - | १००.० |
| ७ | १० | १ | ९०.० |
| ८ | १६ | - | १००.० |
| ९ | १६ | - | १००.० |
| १० | २१ | - | १००.० |
| ११ | १८ | १ | ९५.० |
| १२ | १८ | - | १००.० |
| १३ | १४ | २ | ८५.७ |
| १४ | ९ | २ | ७७.७ |
| १५ | १० | २ | ८०.० |
| १६ | ४ | १ | ७५.० |
| १७ | १ | १ | ०.० |
| १८ | १३ | ३ | ७६.९ |
| जम्मा | १५६ | १३ | ९१.७ |

पोखरामा पोखरीहरू घट्नुमा सडक चक्ल्याउँदा सडकछेउका चौतारो एवं पोखरी नाश गर्नु र पोखरीहरू समय-समयमा सफा नगर्नु जिम्मेवार देखिन्छ । गाई-वस्तु पाल्ने या पाले पनि फुकाउने प्रचलन घटेपछि तथा पानीको वैकल्पिक र भरपर्दो स्रोतका रूपमा घर-घरमा पाइपबाट धारा पुगेपछि पोखरीहरूको महत्ता घट्न थाल्यो । र, सफाई पनि हुन छाड्यो । स्याहार-सम्भार नभएका यस्ता पोखरी बिस्तारै पुरिनु अस्वाभाविक होइन । त्यसरी पुरिएका पोखरीहरू विभिन्न व्यक्तिहरूले अतिक्रमण गरी निजी सम्पत्तिमा दर्ता गरे । धेरै पोखरीहरू भएका ठाउँ अहिले निजी सम्पत्तिका रूपमा दर्ता भएको पाइएको छ । पोखरीहरू पुरिनुको अर्को संभावित कारण ती फोहर हुँदै जानु हो । सरसफाइको अभावमा पानी फोहर या प्रदूषित हुने र त्यस्ता पोखरीमा लामखुट्टेको प्रभाव बढ्न जाँदा पोखरीहरू पुर्ने काम भएको हुनसक्छ ।

पोखरीहरू प्रायः खेतीपाती र गाई-वस्तुका लागि बनाइएको भए पनि तिनीहरूको महत्व अहिलेको सहरी परिवेशमा पनि उत्तिकै छ । बढ्दो तापक्रमलाई नियन्त्रण गर्ने, चरा-चुरुङ्गी तथा जीव-जन्तुलाई बस्न/बाँच्न सहयोग पुऱ्याउने तथा जैविक विविधता कायम राख्न पोखरीहरूले मद्दत पुऱ्याउँछन् । फोहर भएका पोखरीहरूलाई सरसफाई गर्ने हो भने त्यस्ता सफा पानीका पोखरी, ताल-तलैयाहरूले सहरको सुन्दरता अभिवृद्धि गर्न उत्तिकै सघाउ पुऱ्याउँछन् ।

### *सार्वजनिक जमिन*

पोखरामा सार्वजनिक जमिन कति थियो भन्ने कुनै प्रमाण भेटिंदैन । कतिपय सार्वजनिक रूपमा प्रयोग गरिँदै आएका जमिनहरू पछि निजी दर्ता भित्रको भन्दै वैयक्तिक बनाइएका छन् । बुढा-पाकाहरूको भनाइअनुसार पहिले पोखरामा २६ ओटा ठूला-ठूला पाटनहरू थिए । कतिपय स्थानहरूको नामाकरण नै ती स्थानमा भएका ठूला चउरहरूको नामबाट गरिएको छ । यसका केही उदाहरण हुन– बाटुलेचौर, लामाचौर, सिमलचौर, बाँझापाटन, मालेपाटन, भिमकालीपाटन, मझेरीपाटन, आदि । अहिले, २०५९ सालमा, ठूला पाटनहरू छैनन्; बचेका केही पाटनहरू पनि निकै साँघुरिएका छन्–स-साना चउरको रूपमा ।

२०३५ सालको सर्भे मुचुल्कामा सार्वजनिक जमिन भएको कित्ता उल्लेख त छ तर केही कित्ताहरूको क्षेत्रफल खुलाइएको पाइँदैन । २०३५ सालमा सार्वजनिक भनी तोकिएका कित्ता अथवा कित्ताको सङ्ख्या र २०५८ मा भएका सार्वजनिक जग्गासम्बन्धी तथ्याङ्कको तुलनाबाट कतिओटा सार्वजनिक जमिन अतिक्रमण भएको छ भन्ने थाहा पाउन सकिन्छ । अध्ययनबाट विगत २३ वर्षमा करिब ७० प्रतिशत सार्वजनिक जमिनहरू अतिक्रमित भएको देखिन्छ (तालिका ३) । अन्य वडाहरूमा भन्दा धेरै सार्वजनिक जमिनहरू भैकन पनि २०५८ सालसम्ममा कुनै सार्वजनिक जमिन बाँकी नभएका वडाहरू १० र १३ हुन् जहाँ २०३५ सालमा क्रमशः २३ र १८ ओटा सार्वजनिक जमिन थिए । त्यस्तै, सोही अवधिमा वडा नम्बर १, ९, ११, १५ र १७ बाट त्यहाँ भएका मध्ये दुई-तिहाई सार्वजनिक जमिनहरू नासिएका तालिका ३ बाट देखिन्छ ।

२०३५ सालको मुचुल्का हेर्दा जम्मा २१६ कित्ताहरूको उल्लेख भएकोमा १४६ कित्ताहरूको क्षेत्रफलसमेत किटानी गरिएको छ । बाँकी कित्ताहरूको क्षेत्रफल उपलब्ध छैन । क्षेत्रफल उल्लेख भएका ती १४६ कित्ताहरूको कुल क्षेत्रफल ४,४०५ रोपनी देखिन्छ जसअनुसार औसतमा प्रति कित्ता लगभग ३० रोपनी सार्वजनिक जमिन पर्न आउँछ । यही हिसाबले २०३५ सालमा उल्लेख गरिएका २१६ सार्वजनिक जमिनका कित्ताहरूको क्षेत्रफल ६,५६१ रोपनी हुनुपर्ने सामान्य अन्दाज गरिएको छ । २०५८ सालसम्म आइपुग्दा बाँकी बँचेका सार्वजनिक जमिनहरूको क्षेत्रफल उपलब्ध छ । २०५८ को तथ्याङ्कअनुसार हाल पोखरामा १,६२१ रोपनी मात्र सार्वजनिक जमिन रहेको देखिन्छ जुन २३ वर्ष अघिको तुलनामा ७२ प्रतिशत कम छ (तालिका ४) । २०३५

सालको मुचुल्काअनुसारको सार्वजनिक जमिनको विवरण, कित्ता तथा क्षेत्रफल अनुसूचीमा दिइएको छ ।

**तालिका ३: पोखरामा २०३५ साल र २०५८ सालमा भएका सार्वजनिक जमिन (कित्ता सङ्ख्याहरू)**

| वडा नम्बर | २०३५ साल | २०५८ साल | घटेको (प्रतिशतमा) |
|---|---|---|---|
| १ | ६ | १ | ८३.३ |
| २ | ६ | ३ | ५०.० |
| ३ | ५ | ३ | ४०.० |
| ४ | ६ | ३ | ५०.० |
| ५ | ६ | ३ | ५०.० |
| ६ | १९ | १० | ४७.४ |
| ७ | ९ | ५ | ४४.४ |
| ८ | १८ | १२ | ३३.३ |
| ९ | १७ | ४ | ७६.५ |
| १० | २३ | - | १००.० |
| ११ | २० | ७ | ६५.० |
| १२ | ११ | ५ | ५४.५ |
| १३ | १८ | - | १००.० |
| १४ | १२ | ५ | ५८.३ |
| १५ | १६ | ३ | ८१.२ |
| १६ | * | - | - |
| १७ | १० | ३ | ७०.० |
| १८ | १४ | ६ | ५७.१ |
| **जम्मा** | **२१६** | **७३** | **६६.२** |

* २०३५ सालको मुचुल्कामा वडा नम्बर १६ मा सार्वजनिक जमिन बारे कुनै उल्लेख छैन ।

### *अन्य सम्पत्तिहरू*

यस अध्ययनमा पोखरामा रहेका मन्दिर, पाटी, पौवा तथा सार्वजनिक बगैंचा (रूखहरू) जस्ता सार्वजनिक सम्पत्तिहरूको पनि खोजी गरिएको थियो । अध्ययनबाट मन्दिर, पाटी र पौवाको सङ्ख्यामा २०३५ सालभन्दा कमी आएको पाइएन तर बगैंचाहरूमा भने लगभग ५० प्रतिशतले कमी आएको देखिएको छ । यी बगैंचामा चाँप, बर, पिपल, समी, बेल,

कटहर, आँप, तिजु, खनियो, जमुना, लाकुरी, चिउरी, पाखुरी, काउरो, पारिजात, कल्छे, चिलाउने, फलेदो, खिर्रो, सिमल जस्ता रैथाने रुखहरू थिए ।

**तालिका ४: २०३५ सालमा सार्वजनिक जमिनको क्षेत्रफल र २०५८ सालमा त्यसको स्थिति**

| वडा नम्बर | २०३५ सालको क्षेत्रफल (रोपनीमा; अपूर्ण तथ्याङ्कअनुसार) | २०३५ सालको अनुमानित क्षेत्रफल (रोपनीमा) | २०५८ सालको अनुमानित क्षेत्रफल (रोपनीमा) | घटेको क्षेत्रफल (प्रतिशतमा) |
|---|---|---|---|---|
| १ | १६४ | १६४ | २८ | ८२.९ |
| २ | ३३ | ३४ | १६ | ५२.९ |
| ३ | ४७ | ४७ | २८ | ४०.४ |
| ४ | ५२ | ५२ | २६ | ५०.० |
| ५ | ४३५ | ४३६ | २१८ | ५०.० |
| ६ | १०४* | ३१३** | १६५ | ४७.३ |
| ७ | ८५ | ८५ | ४७ | ४४.७ |
| ८ | १२२ | १२२ | ९७ | २०.५ |
| ९ | १०२० * | ११४० ** | २६८ | ७६.५ |
| १० | ४२६ | ४२६ | ० | १००.० |
| ११ | ५१४* | ६९४** | २४३ | ६४.९ |
| १२ | २९२* | ४४२** | २०१ | ५४.५ |
| १३ | ९८९* | १०७९ ** | ० | १००.० |
| १४ | ७५* | ३१५** | १३१ | ५८.४ |
| १५ | १० * | ४६०** | ८६ | ८१.३ |
| १६ | -* | ३०** | ० | १००.० |
| १७ | ३७* | २७७** | ८३ | ७०.० |
| १८ | - | ४२० | १८० | ५७.१ |
| **जम्मा** | **४,४०५** | **६,५३६** | **१,८१७** | **७२.२** |

*   सबै कित्ताहरूको क्षेत्रफल नतोकिएको ।

**  क्षेत्रफल उल्लेख नभएको कित्ताहरूको अनुमानित क्षेत्रफलसमेत जोडदा ।

## पोखराका सार्वजनिक सम्पत्तिहरू घट्दै जानुका कारणहरू

पोखरा सहरको व्यवस्थित विकास गर्न २०३३ सालमै पोखरा उपत्यका नगर विकास समितिको स्थापना गरिएको र त्यसअघि नै वैज्ञानिक नापी, सर्वे प्रणाली लागू भए तापनि सो समितिले उल्लेख्य कार्य गर्न सकेको देखिँदैन । प्रभावकारी र व्यवस्थित सहरीकरण

प्रकृयाको कार्यान्वयनमा देखिएको शिथिलताले सार्वजनिक जग्गा अतिक्रमणलाई परोक्ष प्रश्रय दिएको छ । उदाहरणका लागि, पोखराको आकर्षणको केन्द्रविन्दु रहेको फेवाताल र वरपरको वातावरण सफा राख्ने, आवश्यक मापदण्ड कायम गर्ने, सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने, समयसापेक्ष पार्क निर्माण र फेवा दृश्यावलोकन केन्द्रहरूको निर्माण गर्ने, आदि विभिन्न लक्ष्य समितिले राखे पनि सो अनुरूप कार्य हुन सकेको देखिँदैन । बनेका मापदण्डहरू मिचिएका छन्, फेवाताल वरपरका जग्गाहरू व्यक्तिको हकदाबीका कारण निजी बनाइएका छन्, तर समिति र सम्बन्धित निकायहरू मौन देखिन्छन् । ताल मुनिको जग्गा पनि व्यक्तिको नाममा भएको चर्चाहरू पत्र-पत्रिकामा छापिएका पाइन्छन्; यथार्थ के हो, निक्र्योल हुन जरुरी छ ।

पोखरामा सार्वजनिक जग्गाको अतिक्रमण प्रकृया तीव्र छ; विभिन्न बहानामा सार्वजनिक सम्पत्तिहरू व्यक्तिगत सम्पत्ति बनाइएका छन् । पैतृक हकदाबीका आधारमा हजारौं रोपनी सार्वजनिक जमिन अतिक्रमण भएको छ भने सरकारी पुनर्वासका नाममा करिब २,००० रोपनी जग्गा अतिक्रमण भएको देखिन्छ । त्यसबाहेक, महत्वपूर्ण र मूल्यवान स्थानहरूमा सुकुमबासी र हुकुम्बासीहरूले करिब १,००० रोपनी सार्वजनिक जमिन हडपेको पाइन्छ । समग्रमा, पोखराका सार्वजनिक जमिनहरूको अतिक्रमण पैतृक हकदाबी, सरकारी पुनर्वास, सुकुमबासी बसोबास, सोऱ्यानी अतिक्रमण, गुठी अतिक्रमण, आदिबाट भएको देखिन्छ । यी प्रकृयाबाट कसरी जग्गा हडपिन्छन् भन्ने सामान्य चर्चा तल गरिएको छ ।

### *पैतृक हकदाबी*

पोखरामा सार्वजनिक जग्गा अतिक्रमणको प्रमुख कारण पैतृक हकदाबी कायम हुनु रहेको पाइन्छ । १९९० सालभन्दा अगाडिदेखि नै खाली जग्गा राख्नु हुँदैन; देशका सम्पूर्ण भू-भागमा जनताको सहभागिता रहेमा त्यसबाट राज्यलाई बढी राजस्व प्राप्त हुन्छ भन्ने उद्देश्यले प्रत्येक गाउँका जिम्मुवाल र मुखियालाई भूमिकर उठाउने जिम्मा दिइन्थ्यो । कर उठाउने जिम्मेवारी पाएका जिम्मुवाल र मुखियाहरूले कर उठाउन नसकेमा आफैंले बेहोर्नुपर्ने व्यवस्था भएको उसबेलाका जिम्मुवाल र मुखियाहरूबाट थाहा पाउन सकिन्छ । यस्तो अवस्थामा ती जिम्मुवाल र मुखियाहरूले सरकारी नीतिअनुरूप आ-आफ्नो क्षेत्रभित्र पर्ने सबै खाली जग्गाहरू कसै न कसैलाई तिरो, कर लगाई वा आफैंलेसमेत तिर्ने गरेका थिए । यसरी गौचरन, वन-जङ्गलहरूमा खरतरी तिरो[६] लगाएका कारण त्यही तिरोको आधारमा एक गाउँ र अर्को गाउँबीच गौचरनको झगडा, वन-जङ्गलको झगडा र पछि आएर व्यक्तिगत दाबीको झगडाहरू परेको पाइन्छ । पछिल्ला दिनहरूमा पनि त्यस्तो नीतिलाई समयसापेक्ष र व्यवहारिक बनाउनेतर्फ गम्भीर नहुँदा संरक्षण गर्ने हेतूले

---

६ घर छाउने खरको लागि प्रयोग गरिने जमिनको तिरो ।

लगाइएको कर नै व्यक्तिको हकदाबी गर्ने आधार बन्न गएको र सोही कारण अहिले पनि थुप्रै महत्वपूर्ण जग्गाहरू व्यक्तिका नाममा दर्ता भै अतिक्रमण भएको छ।

२०३२ सालमा गरिएको वैज्ञानिक तवरको नापी/सर्वेपछि बाँकी रहेका जग्गाहरू सार्वजनिक/सरकारी सम्पत्ति हुनुपर्ने मान्यताका साथ २०३५ सालदेखि व्यक्तिका नाममा रहेको खरतरी तिरो खारेज गरिएको र सोहीबमोजिम तिरो बुझ्ने क्रम बन्द भए पनि पुरानो तिरोको आधारमा विभिन्न व्यक्तिहरूले आफ्नो नाममा जग्गा दर्ता अथवा हक कायम गराइ नै रहेका छन्। केही चलाख र धूर्त व्यक्तिहरूले सजिलै विभिन्न प्रमाणहरू खडा गरी सार्वजनिक सम्पत्ति आफ्नो नाममा दर्ता गर्न सफल भएको पाइन्छ। केही यस्ता कृत्यको भण्डाफोर भएपछि जन-दबाब र प्रयासहरूबाट त्यस्तो दर्ता बदर भै सार्वजनिक सम्पत्तिकै रूपमा रहेका केही उदाहरण उपलब्ध छन्। तालिका ५ मा पोखरा उपमहानगर पालिकाभित्र गलत रूपमा व्यक्तिले दर्ता गरी पछि बदर भएर सार्वजनिक जग्गा कायम रहेका केही प्रमुख जग्गाहरूको विवरण दिइएको छ।

### तालिका ५: पोखरामा बदर गरिएका र गर्ने प्रकृयामा भएका अतिक्रमित सार्वजनिक जग्गा (२०५८ सम्म)

| क्रम सङ्ख्या | वडा नम्बर | कित्ता नम्बर | क्षेत्रफल (रोपनी-आना-पैसा-दामम) | कैफियत |
|---|---|---|---|---|
| १ | १५ | ३८२ | ५-१०-३-३ | हाल सार्वजनिक |
| २ | १५ | ३८३ | ३-८-०-३ | हाल सार्वजनिक |
| ३ | १५ | ३८४ | ५-०-०-२ | हाल सार्वजनिक |
| ४ | १५ | १४५ | ०-१२-३-१ | हाल सार्वजनिक |
| ५ | १५ | २ | १९-०-०-३ | एस. ओ. एस.को नाउँमा |
| ६ | १५ | ५९१ | १९१-०-०-० | हाल सर्वोच्चमा मुद्दा |
| ७ | १० | २८२ | १७-१३-०-१ | अ. मा. वि. को नाउँमा |
| ८ | १७ | १७९३ | ०-५-०-० | पोखरा हवाई कार्यालयको नाउँमा |

पहिले; सर्वेमा छुटेका भन्दै जग्गा दर्ताका लागि प्राप्त हुने निवेदनहरूमाथि कारवाही गर्दा मालपोत कार्यालयले सामान्यतः निम्न आधार या प्रकृयाहरू पुरा गर्ने गरेको पाइन्छ।

- दर्ता गर्न खोजिएको जग्गाको बीजमानासहित हक खुल्ने लिखत
- तिरो तिरेको रसिद
- नागरिकताको प्रमाण पत्रको प्रतिलिपी

- सम्बन्धित वडाको सिफारिस
- सम्बन्धित गा.वि.स./नगरपालिकाको सिफारिस
- मालपोत कार्यालयबाट दर्ता माग गरिएको सरजमिन मुचुल्का
- जग्गा दर्तासम्बन्धी मालपोत कार्यालय जग्गा दर्ता समितिको निर्णय
- सम्बन्धित वडा, गा.वि.स./नगरपालिकालाई दर्तासम्बन्धी सूचना
- स्थानीय पत्र-पत्रिकामा सूचना प्रकाशन

आवश्यक प्रमाणहरू पेश गरेर जग्गा दर्ता माग गर्दा मालपोत कार्यालयलाई सो व्यक्ति जग्गाको वास्तविक मालिक हो/होइन भन्ने खुट्याउन कठिन हुने देखिन्छ, एकातर्फ भने अर्कोतर्फ कस्तो जग्गा सार्वजनिक सम्पत्ति हो भनेर स्पष्ट किटानी भएको छैन । चौतारो, पोखरीहरूलाई सार्वजनिक मान्ने हो भने पोखरीहरू व्यक्तिका नाममा दर्ता भएर सुक्री-बिक्री भै बजार बनिसकेको उदाहरण पोखरामा पाइन्छ । गौचरन र वन-जङ्गललाई सार्वजनिक मान्ने हो भने हाल पोखरामा कुनै गौचरन, खेल मैदानहरू बाँकी छैनन् । पर्यटकीय दृष्टिले महत्वपूर्ण मानिने पोखरा वरपरका वन-जङ्गलहरू 'प्रमाण मिलाएर' व्यक्तिका नाउँमा दर्ता भएका उदाहरणहरू छन् । सार्वजनिक सम्पत्तिहरू व्यक्तिका नाममा दर्ता हुने क्रम जारी नै रहेको पाइए पनि सार्वजनिक सम्पत्तिको दुरूपयोग भयो भन्ने आवाज जनस्तरबाट आइरहेको र यस्तो चर्चाले स्थानीय पत्र-पत्रिकामा पनि स्थान पाएको देखिन्छ ।

### *सरकारी पुनर्वास*

पोखरामा सार्वजनिक जग्गा घट्नुमा सरकारी तवरबाट गराइएका 'पुनर्वास'को ठूलै भूमिका छ । त्यसो त प्राकृतिक प्रकोप-पीडित परिवारको उद्धार, सहायता गर्नु मानवीय धर्म र सरकारको कर्तव्य मानिएला तर यस्तो अवस्थालाई राजनीतिक/आर्थिक स्वार्थपूर्ति गर्ने अथवा सार्वजनिक जमिनको अतिक्रमण गर्ने बहानासमेत बनाइएको पाइन्छ । २०३३ सालमा कास्की जिल्लाकै माझठानामा गएको पहिरोबाट पीडित २३२ परिवारलाई उद्धार गर्ने उद्देश्यले हालको पोखरा उपमहानगरपालिका वडा नम्बर १४, १५ र १८ मा प्रतिपरिवार ८ रोपनीका दरले सार्वजनिक भनिएका जग्गा उपलब्ध गराइ पुनर्वास गराइएको थियो । सोहीबमोजिम करिब १,८५० रोपनी जग्गा त्यस्ता परिवारलाई वितरण गरिएको थियो । तीमध्ये थोरै व्यक्तिले मात्र जग्गा धनी प्रमाण पूर्जा पाएका छन् भने अधिकांश जग्गा पुरानै दर्तावालाले हकदाबी गरी जग्गा धनी प्रमाण पूर्जासमेत लिई सकेका छन् । सरकारले नै पुनर्वास गराई २०३४ सालदेखि त्यहाँ बसोबास गर्दै आइरहेका पीडित परिवारहरू भने जग्गाको हक-भोगसम्बन्धी प्रमाण पाउन नसक्दा भौंतारी रहेका छन् । सम्बन्धित निकायलाई गुहारीरहेका छन् । २०३३ सालपछि पनि पोखरामा धेरै जग्गाहरू बाँडिइसके तर यिनीहरूको समस्या भने ज्यूँ का त्यूँ छ । सरकारले

पीडितहरूको पुनर्वासका लागि छुट्याइएको जग्गासमेत कसरी अतिक्रमण हुन जान्छ भन्ने गतिलो उदाहरण हो यो ।

### *सुकुमबासी बसोबास*

पोखराको सार्वजनिक जग्गाको अतिक्रमण प्रकृयालाई हेर्दा सुकुमबासी[७] बसोबास अर्को प्रमुख कारकका रूपमा देखा पर्छ । २०३० सालमा तत्कालीन हवाई कार्यालयअगाडि रहेको बस पार्क हटाएर हाल बस पार्क रहेको स्थानमा सारिंदा त्यहाँ (हवाई कार्यालयअगाडि) व्यापार-व्यवसाय गरिरहेका ७३ परिवारलाई घडेरी उपलब्ध गराउने भनी हालको बस पार्कमा पठाइएको र त्यही समयदेखि १५० परिवारले व्यापार-व्यवसाय गरेर बसिरहेको पाइन्छ । तर सो बस पार्क वरपरको खाली जग्गामा आफूखुसी बलजफ्ती टहरा बनाई बस्नेहरू पनि उत्तिकै छन् । अध्ययनबाट के पनि देखियो भने बस पार्कका केही घरहरू र पृथ्वी चोकको नेपाल ब्याङ्कको पर्खालसँग जोडेर बनाइएका धेरै घरहरू प्रति महिना ३ हजारदेखि ८ हजारसम्म लिएर भाडामा दिइएका छन् । यसरी सुकुमबासीका नाउँमा जग्गा अतिक्रमण गरेर भाडा उठाएर खानेहरूमा पोखराकै धनी र शक्तिशाली वर्ग नै धेरै छन् । यद्यपि, भाडामा बस्नेहरू मालिकको नाउँ बताउन चाहँदैनन् । यो त एउटा स्थानको मात्र उदाहरण हो; अन्य धेरै स्थानमा यस्तो प्रवृत्ति देखिएको छ ।

पोखरामा ४० भन्दा बढी सुकुमबासी बस्तीहरू र ४,५०० घर-परिवार सुकुमबासी भए पनि जम्मा १३ प्रतिशतलाई मात्र खास सुकुमबासी भन्न मिल्छ । बाँकी धेरै परिवार गरिबीको समस्याले पोखरामा आइ बसेको देखिन्छ । पोखरामा यति सङ्ख्यामा सुकुमबासी छन् भनेर यकिनसाथ भन्न सकिने अवस्था छैन; कुनै समय एकै रातमा ३-४ हजारको सङ्ख्यामा सार्वजनिक जमिनमा टहराहरू देखिन्छन् भने यी टहराहरू हटाउँदा सुकुमबासीहरू त्यसै हराएको जस्तो देखिन्छन् । सरकारी नीति र नियन्त्रण कमजोर भएको समयमा सुकुमबासीको नाउँमा सार्वजनिक जमिन ओगट्ने काम तीव्र हुने गरेको छ । यसले गर्दा सुकुमबासीसम्बन्धी तथ्याङ्क लिन अप्ठेरो हुन्छ र उपलब्ध तथ्याङ्कहरूमा पनि एकरूपता भेटिंदैन । पोखरा उपमहानगरपालिकाको अध्ययन (१९९९)ले प्रति वर्ष २६.५ प्रतिशतका दरले सुकुमबासीको सङ्ख्या बढिरहेको र यही दर कायम रहने हो भने सन् २०२१ सम्ममा पोखराका घरधुरी परिवारको ५५ प्रतिशत सुकमबासी परिवार हुने देखिएको छ । र, त्यस समयसम्म सुकुमबासी बस्तीका कारण पोखराको सार्वजनिक जमिन सम्पूर्ण रूपमा नष्ट हुनेछ ।

---

७ यहाँ सुकुमबासी भनेर जग्गाको स्वामित्व नभएका र सार्वजनिक जगा ओगटेर बसोबासले व्यवस्था गरेका व्यक्ति/परिवारलाई भनिएको छ । केही सुकुमबासीहरूलाई जग्गाको स्वामित्व दिइएको छ तापनि उनीहरूको समूह बसोबास गर्ने टोल, छिमेकलाई सुकुमबासी टोल नै भनिन्छ ।

### *सोऱ्यानी अतिक्रमण*

सार्वजनिक जमिनहरू एकै पटक अतिक्रमण नगरी बिस्तारै बिस्तारै ओगट्दै जाने प्रकृया हो सोऱ्यानी अतिक्रमण । यो प्रचलन पनि पोखरामा यथेष्ट पाइन्छ । विभिन्न व्यक्तिहरूले आफ्नो तगारो, दैलो या जग्गाअगाडि रहेका सार्वजनिक जग्गाहरूमा अलि-अलि गर्दै पर्खाल सारेर मिच्ने प्रकृयाले पनि धेरै कुना-काप्चाहरू अतिक्रमण भएका छन् । यस्ता अतिक्रमित जग्गाका हकमा कतिपयले केही रकम स्थानीय विद्यालयहरूमा सहयोग गर्ने र सो वापत वडा कार्यालयले 'सिफारिस पत्र' दिई अतिक्रमित जग्गालाई कानुनी हक दिने चलन पनि पोखरामा पाइन्छ ।

### *गुठी अतिक्रमण*

सार्वजनिक सम्पत्तिको रूपमा रहेका धेरै गुठीहरूको जायजेथा पनि पोखरामा अतिक्रमण भएको छ । पहिलेदेखि नै धर्म र सँस्कृतिको जगेर्नाका खातिर निर्माण गरिएका मठ-मन्दिर र तिनको रेखदेख, पूजा-आजाका साथै जिर्णोद्धारका लागि गुठी खडा गर्ने र त्यसका लागि खेत र पाखो जग्गाहरू गुठीयारहरूलाई उपलब्ध गराइने प्रचलन रहेको पाइन्छ । गुठीका नाउँमा रहेका त्यस्ता जमिनबाट प्राप्त हुने आयस्ताबाट गुठीयारहरूले ती धार्मिक, साँस्कृतिक सम्पदाहरूको रेखदेख र पूजाआजा चलाउने व्यवस्था भएको पाइन्छ । तर, गुठीको संरक्षक बनाइएका गुठीयारहरूले नै गुठीका जायजेथा व्यक्तिगत बनाएर दर्ता, हक-भोग या बेच-बिखन गरेका छन्; मठ-मन्दिरहरू रित्याएका छन् । यसले गर्दा सार्वजनिक सम्पत्तिका रूपमा रहेका गुठीका धेरै र बहुमूल्य जग्गाहरू लोप भैसकेका छन् । कतिपय व्यक्तिगत नाउँमा दर्ता हुन नसकेका या नभ्याएका सम्पत्तिहरू दर्ता गर्ने होड अद्यापि चलिरहेकै छ ।

पोखरामा धार्मिक हिसाबले स्थापित केही प्रमुख गुठीहरूको नाउँ लिनु पर्दा वडा नम्बर २ को विन्ध्यवासिनी गुठी, भैरवथान गुठी, भिमसेनथान गुठी; ३ नम्बर वडामा रहेको नारायणस्थान गुठी; ६ नम्बर वडामा रहेको बाराही गुठी; वडा नम्बर ८ को जालपादेवी गुठी; वडा नम्बर ९ रामघाटको शान्ति वन गुठी; वडा नम्बर ११ को गीता मन्दिरको शिवालय गुठी; वडा नम्बर १२ को सितलादेवी गुठी; वडा नम्बर १३ को भद्रकाली गुठी; वडा नम्बर १५ को सिद्धेश्वर गुठी; वडा नम्बर १७ को सीतापाइला गुठी र राम मन्दिर गुठी आदि पर्दछन् । यी गुठीहरूमध्ये सीतापाइला गुठीमा गुठीयारहरूले वर्षौंदेखि भोग-चलन गर्दै आएको बिरुवा फाँटको ३२ रोपनी खेत स्थानीय बासिन्दाको सक्रियतामा मन्दिरको नाममा जग्गाधनी प्रमाण पूर्जा लिई वार्षिक ३० हजार रुपियाँ मन्दिरलाई बुझाउने शर्तमा स्थानीय प्रशासनसमक्ष लिखित सम्झौता गरी गुठीयारहरूलाई नै कमाउन दिइएको छ भने मन्दिर वरपरका पाखो जग्गाहरू दर्ता प्रकृयामा रहेको छ । अन्य कतिपय गुठीका जग्गाहरू गुठीयारले नै दर्ता गरेर खाई सकेका छन् भने रामघाटको गुठी जग्गामा गुठीयारको मुद्दा परिरहेको छ । गुठीका सम्पत्ति

संरक्षण गर्न प्रभावकारी कदम नचालिने र गुठी संरक्षण समितिलाई सक्रिय नबनाउने हो भने गुठीका नाउँमा रहेका सार्वजनिक सम्पत्तिहरू बाँकी रहने देखिँदैन ।

## निष्कर्ष

पोखराका सार्वजनिक सम्पत्तिबारे गरिएको यो अध्ययनले पोखराका सार्वजनिक सम्पत्तिहरू द्रुत गतिले नासिँदै गैरहेको देखाएको छ । २०३५ सालदेखि २०५८ सालबीचको २३ वर्षको अवधिमा पोखराका ५६ प्रतिशत चौताराहरू, ९२ प्रतिशत पोखरीहरू र ७२ प्रतिशत सार्वजनिक जमिन (क्षेत्रफल)/ ७० प्रतिशत सार्वजनिक जमिनका कित्ता (प्लट)हरू हराएका छन् । हराएका यी सबै सम्पत्तिहरू निजी सम्पत्तिमा परिणत भएका हुन् । तर अध्ययनमा मठ, मन्दिर, पाटी, पौवा अतिक्रमण गरिएको पाइएन ।

पोखरामा सार्वजनिक जग्गाको अतिक्रमण र सार्वजनिक सम्पत्तिको बिग्रँदो अवस्थाबारे तत्कालीन पोखरा नगर पञ्चायतले २०३५ सालमा सङ्कलन गरेको सार्वजनिक सम्पत्तिको मुचुल्का र ती सम्पत्तिको वर्तमान अवस्थाको अध्ययनबाट सार्वजनिक सम्पत्तिको अरू विनाश हुन नदिन निम्न कार्यहरू तत्काल गर्नुपर्ने देखिन्छ ।

- सार्वजनिक जग्गाहरूको चार किल्ला स्पष्ट खुलाई कित्ता नम्बर र क्षेत्रफलसमेत उल्लेख गरी रेकर्ड राख्ने ।
- सार्वजनिक भवन, सरकारी कार्यालय, विद्यालय, विश्वविद्यालय, अस्पताल आदिको स्वामित्वसहित स्पष्ट विवरण राख्ने ।
- विद्यमान मठ-मन्दिर, पाटी, पौवा, पोखरी, चौतारो, पार्कको अद्यावधिक तथ्याङ्क राख्नुको साथै बचाउन सकिने चौताराहरूको तुरुन्त जिर्णोद्धार गर्ने ।
- गुठीका सम्पत्तिहरूको स्पष्ट विवरण राखी तिनको संरक्षणका लागि उपयुक्त व्यवस्था गर्ने ।
- सम्बन्धित निकाय (पोखरा उपमहानगरपालिका)ले तत्कालै समिति गठन गरी स्थानीय तहमा बाँकी रहेका सार्वजनिक सम्पत्तिको पारदर्शी विवरण तयार गरी तिनको संरक्षण गर्ने ।

यदि समयमा नै बाँकी बचेका सार्वजनिक सम्पत्तिको संरक्षण तर्फ नकस्सिने, अतिक्रमण कार्यलाई नरोक्ने हो भने पोखरामा सार्वजनिक सम्पत्ति बाँकी रहने छैनन् भनेर ठोकुवा गर्न सकिन्छ । तसर्थ, यसतर्फ तत्काल र प्रभावकारी कदम चाल्नु आवश्यक भैसकेको छ । सरकारी निकायले नीति नियम तर्जुमा गर्नुका साथै संरक्षणतर्फ पाइला चाल्नु पर्ने देखिन्छ भने पोखराका बासिन्दाहरूबाट पनि सार्वजनिक सम्पत्ति संरक्षणतर्फ तदारुकता र सहयोग अपेक्षित छ । अनि मात्र बाँकी बचेका पोखराका सार्वजनिक सम्पत्ति सुरक्षित, संरक्षित हुने आशा गर्न सकिन्छ ।

### धन्यवाद

यो लेख फोर्ड फाउण्डेशनले सामाजिक विकास तथा अनुसन्धान केन्द्र/मार्टिन चौतारीको वातावरणीय न्याय कार्यक्रमलाई प्रदान गरेको सहयोगअन्तर्गत पोखरामा गरिएको अनुसन्धानमा आधारित छ । लेख पढेर सुझाव दिने रमेश पराजुली, शेखर पराजुली र शरद घिमिरेलाई धन्यवाद दिन चाहन्छौं । अनुसन्धानका क्रममा विभिन्न जानकारी र सामग्री दिई सहयोग पुऱ्याउने सबैप्रति आभारी छौं । भाषा सम्पादनमा सहयोग गर्ने रमेश पराजुलीलाई धन्यवाद । लेखमा बाँकी बचेका कमी कमजोरीप्रति हामी स्वयं जिम्मेवार छौं । यो लेख अधिकारी (२०५९) मा पनि छापिएको छ जहाँ प्राविधिक त्रुटिका कारण तालिका ४ छुटेको छ ।

### सन्दर्भ सूची

अधिकारी, जगन्नाथ, सं. । २०५९ । वातावरणीय न्यायको सहरी सन्दर्भ: पोखराको एक अध्ययन । काठमाडौं: मार्टीन चौतारी ।

Adhikari, Jagannath. 2001. Mobility and Agrarian Change in Central Nepal. *Contributions to Nepalese Study* 28(2): 247-267.

Adhikari, Jagannath. 2000. Urbanization, Government Policies and Growing Environmental and Social Problems in Pokhara. *Studies in Nepali History and Society* 5(1): 43-87.

Adhikari, Jagannath and David Seddon. 2002. *Pokhara: Biography of a Town*. Kathmandu: Mandala Book Point.

Basnet, Kedar et al. 1992. The Issue of Urban Development in Pokhara Town, Nepal. In *Perspective on Urbanization and Urban System*. Ram Bali Singh and Minati Singh, eds., pp. 196-209. Varanasi: Shakti Publishing House.

Blaikie, Piers, John Cameron and David Seddon. 1980. *Nepal in Crisis Growth and Stagnation at the Periphery.* Delhi: Oxford University Press.

Gurung, Birendra Singh. 1985. Pokhara: A Study in Urban Geography. Ph.D. Thesis. Ranchi University.

Gurung, Birendra Singh et al. 2000. Market Zone Delineation of Pokhara Town (1999). A Report Submitted to Rural-Urban Partnership Programme of UNDP.

Gurung, Harka. 1965. Pokhara Valley: A Field Study in Regional Geography. Ph.D. Thesis. University of Edinburgh.

Gurung, Harka. 2002. *Pokhara Valley: Geographical Study*. Kathmandu: Nepal Geographical Society.

Gurung, Tek Bahadur. 1979. Pattern of Gurungs' Migration in Pokhara. MA (Geography) Thesis. P N Campus, Pokhara.

Gyanwali, Milan. 1997. Problems and Prospects of Industrial Development in Pokhara. MA (Geography) Thesis. P N Campus, Pokhara.

Hamilton, F.B. 1971. *An Account of the Kingdom of Nepal*. New Delhi: Manjusri Publishing House.

Karkpatric, Willilam. 1811. *An Account of the Kingdom of Nepal*. London (Reprinted as Vol.3 in Series I of *Bibliotheca Himalayica* 1969).

Kawaguchi, Ekai. 1909. *Three Years in Tibet*. Madras: The Theosophical Office.

KC, Krishna et al. 1992. A Study of Squatter Settlement in Pokhara Town, Nepal. In *Perspective on Urbanization and Urban System*. Ram Bali Singh and Minati Singh, eds., pp. 254-266. Varanasi: Shakti Publishing House.

Landon, Perceval. 1987. *Nepal* (two vols). New Delhi: Cosmo Publications (Reprint).

Mierow, Dorothy. 2000. *Thirty Years in Pokhara*. Delhi: Book-Faith India.

Murphy, Dervla. 1967. *Waiting Land: A Spell in Nepal*. London: John Murry.

Pandit, Durga Lal. 1989. Urban Growth and Land Value Pattern: A Case Study of Pokhara Town Panchayat. MA Thesis. P N Campus, Pokhara.

Parajuli, Bishwo Kallyan. 1999. Mobility and Change in Occupational Structure of Pokhara City. *Journal of Political Science* 2(1): 1-23. Pokhara: P N Campus.

Parajuli, Bishwo Kallyan. 2000. Environmental Pollution and Awareness in Pokhara City: A Sociological Perspective. *Occasional Papers in Sociology and Anthropology* VI: 74-92. Kathmandu: Central Department of Sociology and Anthropology.

Raj, Prakash A. 2000. *Pokhara Valley in the Himalaya*. Kathmandu: Nabeen Prakashan.

Shakya, Surya Ratna. 1996. *Glimpses of Pokhara*. Pokhara: Surya Ratna Shakya

Shrestha, Hari. 2000. Evolution and Growth Process of Urban Pokhara: A Historical Analysis. *Historia* IV-V: 36-54. Pokhara: Department of History and Culture, P N Campus.

Shroeder, R. F. 1978. Ecological Change in Rural Nepal: A Case Study of Batulechaur. Ph.D. Thesis. University of Washington, USA.

Thapa, L. B. 1990. *Pokhara: The Heart of Nepal*. Kathmandu: Pilgrims Book House.

Tucci, Guiseppe. 1987. *A Journey from Kathmandu to Mustang*. Kathmandu: Ratna Pustak Bhandar.

## अनुसूची

### २०३५ सालको सार्वजनिक सम्पत्ति मुचुल्कामा उल्लेख भएका सार्वजनिक जग्गाहरूको विवरण

| क्र. सं | वडा नम्बर | चार किल्ला | | | | क्षेत्रफल (रोपनी-आना-पैसा-दाम) | कित्ता (प्लट सङ्ख्या) |
|---|---|---|---|---|---|---|---|
| | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | | |
| १ | १ | चन्द्रमान गुभाजुको घर | अगाडि चार किल्ला | नखुलेको | मोहडा ११ गज, पिछाड ४ गज | - | १ |
| २ | | डिल भीर | रघुनाथ | चिन बहादुर | - | ६-०-०-० | १ |
| ३ | | शुक्ला गण्डकी | डिल भीर | डिल भीर | - | ४७-०-०-० | १ |
| ४ | | ठूलो बगरको साँध | मिरुवा भीर | डिल भीर | - | १११-०-०-० | १ |
| ५ | | कित्ता नं. १३३८ | कित्ता नं. ५७९ | कि.नं. १२०४ | - | ०-२-२-० | १ |
| ६ | | साइनिङ्ग अस्पताल-को क्वाटर अगाडि | - | लम्बाई १५० फिट र चौडाई ५० फिट | - | थाहा छैन | |
| **जम्मा** | | | | | | **१६४-२-२-०** | |
| १ | २ | जोगमाया नेवारनी | कृष्णलाल बजियम | भेख नारायण | भिमसेन गुठीको जग्गा | २-०-०-० | १ |
| २ | | श्रीरमणको पाखो | टेकनाथ पराजुली | भेख नारायण | खरपाटन | ४-०-०-० | १ |
| ३ | | कृष्णप्रसाद उपाध्याय | मनकुमार नेवार | बसन्त प्र. उपाध्याय | पराजुली-को खेत | ११-०-०-० | १ |
| ४ | | सडक | सेते घर्ती | विन्ध्याश्वरी क्याम्प | औषधालय घर | ४-२-०-० | १ |
| ५ | | नारेश्वरको रूख | सेते घर्ती | विन्ध्याश्वरी क्याम्प | औषधालय घर | ४-२-०-० | १ |
| ६ | | पोखरी | औषधालय घर | रुद्रनाथ पौडेल | रक्षाराम रेग्मी | ८-३-०-० | १ |
| **जम्मा** | | | | | | **३३-७-०-०** | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | ३ | टिके सार्की | रामकृष्ण | गोरे सार्की | मान काजी सार्की गाउँ नेरको चौर | थाहा छैन | १ |
| २ | | सेती नदी | सेती जाने बाटो | सेती जाने बाटो | भक्त बहादुर | १४-८-०-० | १ |
| ३ | | सेती नदी | मङ्गली माई | भरत गिरी | नारायण स्थान | ११-०-०-० | १ |
| ४ | | भरत गिरी | रामेश्वर नन्द गिरी | चुडामणि | पुजारी रुद्रमणि | ३-०-०-० | १ |
| ५ | | खड्क चुडामान | कृष्णबहादुर | डिल भीर | सुक बहादुर | १८-०-०-० | १ |
| **जम्मा** | | | | | | **४६-८-०-०** | |
| १ | ४ | चुडामणि पराजुली | फिर्के खोला | फिर्के खोला | फिर्के खोला | १२-६-०-० | १ |
| २ | | चुडामणि पराजुली | फिर्के खोला | बुद्धि बहादुर | फिर्के खोला | ३-०-०-० | १ |
| ३ | | मूल सडक | केदारदत्त कोइराला | धनन्जय कोइराला | राम प्र. लिगल | १३-०-०-० | १ |
| ४ | | सेते कुमाल | फिर्के खोला | नेत्रपाटी | फिर्के खोला | १२-०-०-० | १ |
| ५ | | चुडामणि | ठाकुर प्रसाद | सिद्धिलाल | फिर्के खोला | ७-०-०-० | १ |
| ६ | | कुस्मा कुमार अधिकारी | कल धारा | गोपाल प्रसाद | तिर्थकुमार बाटाजु | ५-०-०-० | १ |
| **जम्मा** | | | | | | **५२-६-०-०** | |
| १ | ५ | डिल्लीराम | हेमराज | राम्जी कोइराला | भैरव प्र. कोइराला | १७-०-०-० | १ |
| २ | | मूल बाटो | बेनी प्र. कोइराला | हेमराज | सीता कोइराल्नी | १७-३-०-० | १ |
| ३ | | फिर्के खोला | मासबार जाने बाटो | बालकृष्ण कोइराला | गणेश प्र. कोइराला | १०६-२-०-० | १ |
| ४ | | मासबार जाने बाटो | बैदाम जाने बाटो | बलराम | गिरीधारी | ३-३-०-० | १ |
| ५ | | इन्द्र बहादुर | शेभा बराल | उपल्लो सार्की घर | सार्की घरको पर्खाल | २७९-०-०-० | १ |
| ६ | | कानु प्रसाद | जिवनाथ | शिवप्रसाद | होमनाथ | १३-०-०-० | १ |
| **जम्मा** | | | | | | **४३५-५-०-०** | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | ६ | ईश्वरीको पर्खाल | मूलबाटो | भोला कोइराला | कोइराला | २-०-०-० | १ |
| २ | | मूलबाटो | पूर्णदिप कोइराला | बाटो र बार | होमनाथ | ४-०-०-० | १ |
| ३ | | नरबहादुर | तुल्सीराम | साना पंडित | बाटो | ६-०-०-० | १ |
| ४ | | बाटो | होमनाथ | बुलौदी जाने बाटो | - | थाहा छैन | १ |
| ५ | | पूर्णभद्र पं. | होमनाथ | बाटो | नर बहादुर | २-०-०-० | १ |
| ६ | | बुलौदी खोला | छतनाथ | हुतनाथ पाध्य | नर बहादुर | थाहा छैन | १ |
| ७ | | नर बहादुर | रत्न मन्दिर जाने बाटो | नवराज कुवँर | सोभित बहादुर | २-०-०-० | १ |
| ८ | | बाटो | रत्न म. बाटो | दोबाटो | रन बहादुर | ३-०-०-० | १ |
| ९ | | फिर्के खोला | हुमनाथ | दोबाटो | तारापति पसल | थाहा छैन | १ |
| १० | | बाटो | तारापति | बाटो | हुम नाथ | थाहा छैन | १ |
| ११ | | बाटो | बुद्धिसागर | बाटो | डि. भक्त बहादुर | ६२-०-०-० | १ |
| १२ | | सु. चन्द्र बहादुर | होम ढकाल | कर्ण लामिछाने | शेरबहादुर | थाहा छैन | १ |
| १३ | | गल्ली | पोखरी | पतिराम दमै | | थाहा छैन | १ |
| १४ | | टेकबहादुर | नारायण दत्तको घर जाने गल्ली | गल्ली | चौतारोदेखि दक्षिण | थाहा छैन | १ |
| १५ | | बराह थानको रूख | - | - | - | १-९-१-० | १ |
| १६ | | मूलको खेतदेखि उत्तर | हवाइ ग्राउण्ड जाने बाटो | - | - | ६-०-०-० | १ |
| १७ | | कालु अधिकारी | | प्रजापति पहारी | बाटो | १२-०-०-० | १ |
| १८ | | चौतारो | बल ब. कुँवर | सन्यासीको किल्ला | | थाहा छैन | १ |
| १९ | | शेरबहादुर | दानबहादुर | चौतारो | गाईघाट | ३-०-०-० | १ |
| **जम्मा** | | | | | | १०३-९-१-० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | ७ | मूल बाटो | तुल्सीप्रसाद | धर्मदत्त भट्टराई | ठूलो पोखरी | २९-३-०-० | १ |
| २ | | मूल बाटो | खडानन्द | चौतारो | इन्द्रप्रसाद | २०-०-०-० | १ |
| ३ | | मूल बाटो | टेकबहादुर | जुजुको पर्खाल | टेक ब. सार्की | थाहा छैन | १ |
| ४ | | चौतारो | बान्डो | बान्डो | टेक ब. सार्की | थाहा छैन | १ |
| ५ | | बाटो | बाटो | नहर विभाग | बैदाम जाने बाटो | २-२-०-० | १ |
| ६ | | चौतारी | कुलो | बाटो | बैदाम जाने बाटो | २-२-०-० | १ |
| ७ | | काली बहादुर | बाटो | बाटो | कुलो | १-०-०-० | १ |
| ८ | | बाटो | टिकाराम | मनिराम | धनन्तरी | २९-०-०-० | १ |
| ९ | | बाटो | बाण्डो | धनन्तरी | धनन्तरी | १-०-०-० | १ |
| **जम्मा** | | | | | | ८४-७-०-० | |
| १ | ८ | मूलबाटो | राजकुमार माकाजु | नारेश्वरको बोट | मङ्गल प्र. श्रेष्ठ | ३-०-०-० | १ |
| २ | | मूलबाटो | पर्खाल | मङ्गल प्र. श्रेष्ठ | नारायण प्र. गुप्ता | ३-०-०-० | १ |
| ३ | | मूलबाटो | बसन्तकुमार | कलधारी | नारायण प्र. गुप्ता | ३-०-०-० | १ |
| ४ | | मूलबाटो | सिधिज राणा | रों लाल श्रेष्ठ | डम्बरकुमार | २-०-०-० | १ |
| ५ | | भिमराज भारती | मूल सडक | लक्ष्मीप्रसाद | तोश्री नेवार | १-०-०-० | १ |
| ६ | | मूल सडक | देवीलाल पाध्या | चौतारो | कृष्णलाल पाध्या | थाहा छैन | १ |
| ७ | | भिम प्र. पाध्य | मूलबाटो | देवीलाल पाध्य | रामचन्द्र सन्यासी | ८-०-०-० | १ |
| ८ | | मूलबाटो | कलाधार पाध्य | बेलको चौतारो | पोखरीको डिल | २४-०-०-० | १ |
| ९ | | पहारी बाहुन | मूलबाटो | बलभद्र गिरी | मान ब. जैसी | ८-३-०-० | १ |
| १० | | मूलबाटो | पर्खाल | चौतारो | चलिसेको गल्ली | १-०-०-० | १ |
| ११ | | नन्दलाल | मूलबाटो | उमेहिराको पर्खाल | गन्जीरको पर्खाल | २-०-०-० | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | | मूलबाटो | तोग प्र. पाध्य | तुल्सी प्र. पाध्य | नन्दलाल पाध्य | १०-०-०-० | १ |
| १३ | | मूलबाटो | फुल गिरी | गुमाने सार्की | ह. ग्राउण्ड जाने बाटो | ३२-०-०-० | १ |
| १४ | | गल्कोटे सार्की | बाटो | मूलबाटो | ह. ग्राउण्ड जाने बाटो | ४-३-०-० | १ |
| १५ | | गोरे नेवार | बाटो | बुधे सन्यासी | मूलबाटो | ३-९-०-० | १ |
| १६ | | सरुने घर्ती | भण्डारी | कार्की | गल्ली | ४-०-०-० | १ |
| १७ | | बाटो | पर्खाल | पर्खाल | रत्न ब. थापा | ५-४-०-० | १ |
| १८ | | गोपाल खड्गी | शेर ब. नेवार | जनता प्रा. वि. | खड्क बहादुर | ८-०-०-० | १ |
| **जम्मा** | | | | | | **१२२-३-०-०** | |
| १ | ९ | सेती गण्डकी | टिकाराम बराल | श्यामभक्त पालिखे | चित्र ब. गुरुङ्ग | ८९५-०-०-० | १ |
| २ | | नालाको मुख जाने बाटो | साँघुको मुख जाने बाटो | दान ब. थकाली | चौतारो | थाहा छैन | १ |
| ३ | | पर्खालको साँध | मूल सडक | पर्खाल | श्यामभक्त चालिसे | थाहा छैन | १ |
| ४ | | साँघुको मुख जाने बाटो | हाराङ्गको पर्खाल | रत्न ब. थापा | बाङ्गो बरको बोट | ९-०-०-० | १ |
| ५ | | बन्धना बैरागीनी | कमान सिं कार्की | गङ्गाजी जाने बाटो | दुर्गादत्त कोइराला | ७-०-०-० | १ |
| ६ | | बैरागी बन जाने बाटो | उजुर सिं मगर | बाटो | माने सार्की | ३-०-०-० | १ |
| ७ | | सेती गङ्गाको डिल | बैरागी कान्छा | बाटो | गङ्गाको डिल | थाहा छैन | १ |
| ८ | | सीताको पाइला | रामघाट जाने बाटो | सीताको पाइला | डिल | २-०-०-० | १ |
| ९ | | गङ्गाको डिल | बैरागी गाउँ जाने बाटो | स्थानी माईको बान्डो | गङ्गाजी बान्डो | १०-०-०-० | १ |
| १० | | नयाँ बजार सुकुम्बासी | अनिरुद्र बास्तोला | गङ्गाजी जाने बाटो | अनिरुद्र बास्तोला | १०-०-०-० | १ |
| ११ | | गङ्गाको डिल | रामघाट जाने बाटो | काठे साँघु जाने बाटो | रामघाट जाने बाटो | १०-०-०-० | १ |
| १२ | | नखुलेको | बाटो | चौतारो | नखुलेको | थाहा छैन | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | | बाटो | अचुतानन्द बास्तोला | बाटो | टिकाराम बास्तोला | ११-०-०-० | १ |
| १४ | | बाटो | चन्द्रमान सुब्बा | कृष्णमान श्रेष्ठ | कि.नं. ९१ | ११-०-०-० | १ |
| १५ | | डिल भीर | शिद्ध भीर | घाटमा जाने बाटो | घाटमा जाने बाटो | ४-०-०-० | १ |
| १६ | | बाटो | बुद्धि ब. खवास | जौवारीका भूजेल | नन्दकेसर | ४६-०-०-० | १ |
| १७ | | चुडामणि बास्तोला | ठाकुर प्र. लिगल | बाटो | मनमान लिगल | २-०-०-० | १ |
| **जम्मा** | | | | | | १०२०-०-०-० | |
| १ | १० | बान्डो | सेती नदी | सडक | बान्डो | १५९-०-०-० | १ |
| २ | | ठाडो | पोखरी | पर्खाल | मूल सडक | ५-०-०-० | १ |
| ३ | | सडक | मूल सडक | चक्र बहादुर | चौतारो | १-०-०-० | १ |
| ४ | | खोलेटो | ठाडो सडक | बाटो | सडकको जोर्नी | १-०-०-० | १ |
| ५ | | मूल सडक | बोधराज | पूर्णभद्र | बोधराज | ३९-०-०-० | १ |
| ६ | | ठाडो सडक | शिवालय | सडक | पर्खाल | १०-०-०-० | १ |
| ७ | | ठाडो बान्डो | कृष्ण ब. बानिया | पर्खाल | चौतारो | २५-०-०-० | १ |
| ८ | | ठाडो बान्डो | ठाडो बान्डो | थापा लाहुरे | तेर्सो बाटो | ५-०-०-० | १ |
| ९ | | बाटो | चौतारो | तेर्सो बाटो | मूल सडक | ७-०-०-० | १ |
| १० | | बान्डो | ठाडो बान्डो | पर्खाल | मूल सडक | २-०-०-० | १ |
| ११ | | बुद्धि ब. दमाई | ठाडो बान्डो | तेर्सो बान्डो | मूल सडक | ३-०-०-० | १ |
| १२ | | न्यौपाने बाहुन | सडकको जोर्नी | तेर्सो बान्डो | मूल सडक | ३२-०-०-० | १ |
| १३ | | खोलेटो | रुद्र ब. कार्की | अ.मा.वि.को जग्गा | कुलमान थापा | २५-०-०-० | १ |
| १४ | | खोलेटो | मूल सडक | तेर्सो बाटो | - | २-०-०-० | १ |
| १५ | | डिल्ले घर्ती | खोलेटो | तेर्सो बाटो | दामोदर | १-०-०-० | १ |
| १६ | | कुल ब. थापा | बाटोको जोर्नी | तेर्सो बाटो | डिल्ले घर्ती | १२-०-०-० | १ |
| १७ | | तेर्सो बाटो | हर्कलि घर्तिनी | गोरे घर्ती | सुपली घर्ती | ५०-०-०-० | १ |
| १८ | | ठाडो बान्डो | ठाडो सडक | तेर्सो बाटो | अक्कल ब. थापा | ५-०-०-० | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९ | | भिमबहादुर | शिव ब. थापा | बिनोद कुमार | शिव ब. थापा | २५-०-०-० | १ |
| २० | | देवराज | सार्किको डहर | पर्खाल | तेर्सो पर्खाल | १०-०-०-० | १ |
| २१ | | भूपति | खोलेटो | मूल सडक | सोमनाथ | २-०-०-० | १ |
| २२ | | – | सडक | चुडामणि जैसी | सडक | १-०-०-० | १ |
| २३ | | सडक | | सडक | समजी घर्ती | ४-०-०-० | १ |
| **जम्मा** | | | | | | **४२६-०-०-०** | |
| १ | ११ | काहुँ जाने बाटो | भोज ब. खत्री | गोतामेको पर्खाल | काहुँ जाने बाटो | ८-४-०-० | १ |
| २ | | कल्छी घारीको चौतारो | भलाम जाने बाटो | बाटुल्नी | दिल ब. कार्की | २१-४-०-० | १ |
| ३ | | रन्जित सार्की | भलाम जाने बाटो | हरि प्र. पाध्य | काउले कामी | ४-०-०-० | १ |
| ४ | | – | बाटो | दोबाटो | मेघनाथ | १-९-०-० | १ |
| ५ | | पर्खाल | बाटो | भिमप्रसाद | कदमको रूख | १३-४-०-० | १ |
| ६ | | रमनाथ | बाटो | कासीराम | पोखरी | ९-३-०-० | १ |
| ७ | | काली प्र. पाध्य | भलाम जाने बाटो | चौतारो | रिठेपानी खेत | २१-१-०-० | १ |
| ८ | | चौतारो मुनीको भीर | भलाम जाने बाटो | बाटो | रत्न ब. गुभाजु | १२५-०-०-० | १ |
| ९ | | बाटो | गङ्गाको डिल | रत्न ब. गुभाजु | भलाम जाने बाटो | ८३-०-०-० | १ |
| १० | | गार्डको खरबारी | गङ्गाजी | रत्न ब. गुभाजु | घुमाउने चौतारो | ३७-३-०-० | १ |
| ११ | | फुलबारी चौर | भलाम जाने बाटो | बस्यालको पर्खाल | दमाईको खोर | थाहा छैन | १ |
| १२ | | पिताम्बरको बान्डो | पिताम्बर जैसी | कैलेलाटाको बान्डो | जगन्नाथको पर्खाल | १५-०-०-० | १ |
| १३ | | फुलबारी चौर | भलाम जाने बाटो | बास्तोलाको पर्खाल | दमाईको खोर | थाहा छैन | १ |
| १४ | | चन्द्रकान्त | भलाम जाने बाटो | पन्नालाल | टुँडिखेल बाटो | थाहा छैन | १ |
| १५ | | अ.मा.वि. जाने बाटो | भट्टेतराको डिल | ग.अ. अस्पताल | माटेपानी जाने बाटो | ७५-०-०-० | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६ | | पर्ति जग्गा | रानीपौवा जाने बाटो | बाटो | अस्पताल बाटो | थाहा छैन | १ |
| १७ | | खडानन्द कोइराला | रानीपौवा जाने बाटो | बान्डो | - | थाहा छैन | १ |
| १८ | | बाटो | गङ्गा जाने बाटो | दाहालको बान्डो | ढुङ्गेलको पर्खाल | ३-०-०-० | १ |
| १९ | | गोर्खाली नेवार | | बाटो | डहर | थाहा छैन | १ |
| २० | | चन्द्र बहादुर | सेती नदी | बाटो | मूल सडक | ९७-०-०-० | १ |
| जम्मा | | | | | | ५१३-१२-०-० | |
| १ | १२ | पोखरी | हुमबहादुर | बास्तोलाको बारी | बाटो | थाहा छैन | १ |
| २ | | जितमान सार्कीको घर अगाडि | अस्पताल जाने बाटोमा | २ रोपनी | - | थाहा छैन | १ |
| ३ | | कीर्ति बल्लभको कटेरा आडमा | गङ्गा कोइराल्नी को दर्ता | – | - | ०-८-०-० | १ |
| ४ | | सडक | टिका प्रसाद | पर्खाल | मित्रलाल | थाहा छैन | १ |
| ५ | | मुवा कर्किनी | सडक | | भुपाल सिं | २-०-०-० | १ |
| ६ | | टिकाप्रसाद | सडक | पोखरी | तेजनारायण | ०-८-०-० | १ |
| ७ | | पर्ति चौर | मूल सडक | मूल सडक | राधादेवी | १-०-०-० | १ |
| ८ | | मनबहादुर | खोलेटो | सडक | अ.मा.वि. | थाहा छैन | १ |
| ९ | | हिटि र बाटो | बाटो | गुठीको बान्डो | | १५९-०-०-० | १ |
| १० | | बाटो | खोलेटो | कुलबहादुर | सडक | १२९-०-०-० | १ |
| ११ | | देवी प्र. जगन्नाथको घर अगाडिको दुर्गादत्त आचार्यको दर्ता प्रक्रिया | | | | थाहा छैन | १ |
| जम्मा | | | | | | २९२-०-०-० | |
| १ | १३ | मोती पोडे | ठाडो पर्खाल | भीर पखेरो | सडक | २-०-०-० | १ |
| २ | | ठाडो पर्खाल | सपुरुद्दिन मिया | पखेरो | चौतारो | १-०-०-० | १ |
| ३ | | बुद्धिमान | | दुर्गाबहादुर | मूल सडक | १-०-०-० | १ |
| ४ | | रमेशकान्त | मूल सडक | डि. चन्द्रमान श्रेष्ठ | कृष्णप्रसाद | १०-०-०-० | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | | बाटो | पोखरी | ढेवाजु साहु | कमला चौर | १५-०-०-० | १ |
| ६ | | चौतारो | मूल गौंडा | सडक | जिवनाथ | ४-०-०-० | १ |
| ७ | | चौतारो | शेरबहादुर | सडक | पर्खाल | ०-२-०-० | १ |
| ८ | | - | - | - | - | थाहा छैन | १ |
| ९ | | सडक जोर्नी | सडक | पर्खाल | पर्खाल | २५-०-०-० | १ |
| | | यसभित्र हजरतली मिया १२हात र सम्मेरली मिया १०हात वितरण गरेको | | | | थाहा छैन | १ |
| १० | | चन्द्रमान श्रेष्ठ | डहर | हजरतली मिया | नारायण ब. | ७९-०-०-० | १ |
| ११ | | चन्द्रमान श्रेष्ठ | उजुरतली मिया | चन्द्रमान | नारायण ब. | ३९-०-०-० | १ |
| १२ | | बाबुलाल काजी | डहर | चन्द्रमान | पर्खाल | १०-०-०-० | १ |
| १३ | | दुर्गामान | सडक | दण्डपाणी | धर्मराज | ७५९-०-०-० | १ |
| | | पूर्णलाल, निरलाल कायस्थ र धर्मराज, झलक ब.को | | | | थाहा छैन | |
| १४ | | – | सिग्देलको खोर | – | खेत | २-०-०-० | १ |
| १५ | | ढेवाजु | पर्खाल | कीर्ति बल्लभ | खेत | २५-०-०-० | १ |
| १६ | | मौजाली कामी | ढेवाजु | खेत | झलक बहादुर | १२-०-०-० | १ |
| १७ | | चिसापानी खेत | आचार्यको खोर | खेत | ढेवाजु | ५-०-०-० | १ |
| **जम्मा** | | | | | | ९८९-२-०-० | |
| १ | १४ | मूल बाटो | कृष्णबहादुर | स्कूल | चौतारो पोखरी | थाहा छैन | १ |
| २ | | – | | खडकबहादुर | साँघु जाने बाटो | थाहा छैन | १ |
| ३ | | डिल भीर | बान्डो | इन्द्रप्रसाद | हरि ब. कार्की | थाहा छैन | १ |
| ४ | | बिजयपुरमा पानीदिन जाने बाटोको उपल्लो र तल्लो तरा करिब २०रोपनी | | | | थाहा छैन | १ |
| ५ | | बान्डो | मूलबाटो | पोखरी | मूलबाटो | थाहा छैन | १ |
| ६ | | रत्न बहादुर | गल्ली | बान्डो | मूलबाटो | १०-०-०-० | १ |
| ७ | | डिल भीर | हरि लामा | मूलबाटो | भयर स्थान भन्ने | थाहा छैन | १ |
| ८ | | - | हरिप्रसाद | लक्ष्मण भण्डारी | मूलबाटो | थाहा छैन | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | | रेवति भण्डारी | मूलबाटो | जगन्नाथ | खेत कुलो | ३०-०-०-० | १ |
| १० | | डहर | पुर्ण ब. कार्की | बाटो | भद्रकाली स्कुलको खेत | २०-०-०-० | १ |
| ११ | | - | भद्रकालीको खेत | कुलो | बिजयपुर खोला | १५-०-०-० | १ |
| १२ | | बिजयपुर खोला किनार | ढुङ्गा, बालुवा | सार्वजनिक जग्गा | | थाहा छैन | १ |
| **जम्मा** | | | | | | **७५-०-०-०** | |
| १ | १५ | भीर | सेतीनदी | आवादी जग्गा | सेती | १०-०-०-० | १ |
| २ | | बाटो | बाटो | रत्न ब. थापा | आस ब., हरि ब. | थाहा छैन | १ |
| ३ | | ठाँटी पाटन | कृष्ण ब. थापा | रत्न ब. थापा | आस ब. नेपाली | " | १ |
| ४ | | खहरे | हरि ब. थापा | दामोदर गोलमे | राम ब. थापा | " | १ |
| ५ | | खहरे | हरि ब. थापा | बाटो | बाटो | " | १ |
| ६ | | पवित्रा सन्यासिनी | बाटो | बाटो | बाटो | " | १ |
| ७ | | सार्वजनिक बाटो | बाटो | बाटो | हलेदे खत्री | " | १ |
| ८ | | बाटो | चुडे परियार | पदममान हिराचन | बाटो | " | १ |
| ९ | | बाटो | तारानाथ गौतम | रामलाल शर्मा | तारानाथ गौतम | " | १ |
| १० | | हर्क ब. भण्डारी | बाटो | तारानाथ | बाटो जोर्नी | " | १ |
| ११ | | बाटो | प्रयागराज | प्रयागराज | झलक ब. बानिया | " | १ |
| १२ | | बाटो | वेदनाथ (घर्मेली) | आँधिखोले बाहुन | घरमेली माहिला | " | १ |
| १३ | | खहरे | प्रसुराम भण्डारी | गङ्गा ब. भण्डारी | नर ब. खत्री | " | १ |
| १४ | | झलक ब. थापा | ठु. बल ब. भण्डारी | घनविर भण्डारी | खहरे | " | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | | टेक ब. घर्ती | खहरे | टेक ब. घर्ती | बाटो | " | १ |
| १६ | | टेक ब. घर्ती | खहरे | चौतारो | बाटो | " | १ |
| जम्मा | | | | | | १०–०–०–० | |
| १ | १६ | खाली | | | | थाहा छैन | १ |
| जम्मा | | | | | | ०–०–०–० | |
| १ | १७ | मान ब. को घर | पिच बाटो | RTO बाटो | खाली | थाहा छैन | १ |
| २ | | कमर जोगी | खोल्सो | RTO बाटो | - | " | १ |
| ३ | | - | बाटो | - | RTO बाटो | " | १ |
| ४ | | बाटो | खोल्सो | बाटो | आवादी जग्गा | " | १ |
| ५ | | डिल भीर | बाटो | बाटो | सुकुमबासी टोल | " | १ |
| ६ | | बाटो | आवादी जग्गा | चौतारो | आवादी जग्गा | " | १ |
| ७ | | सेतीको डिल | आवादी जग्गा | चौतारो | बाटो | " | १ |
| ८ | | सेती नदी | स्कुलको जग्गा | स्कुलको जग्गा | सेती नदी | ३०-०-०-० | १ |
| ९ | | भीर | रानाभाट | सेती नदी | चन्द्रकान्त | ७-०-०-० | १ |
| १० | | सेतीको डिल | बाटो | बाटो | बाटाको ढिस्को | थाहा छैन | १ |
| जम्मा | | | | | | ३७–०–०–० | |
| १ | १८ | बाटो | स्कूल भवन | बान्डो | बान्डो | थाहा छैन | १ |
| २ | | सार्वजनिक जग्गा | मूल बाटो | प. भवन | बान्डो | " | १ |
| ३ | | ठाडो बान्डो | बाटो | मगरको बान्डो | सार्वजनिक जग्गा | " | १ |
| ४ | | बान्डो | सार्वजनिक जग्गा | बान्डो | बान्डो | " | १ |
| ५ | | मूल बाटो | पशु वि. को बार | मूल बाटो | सार्वजनिक जग्गा | " | १ |
| ६ | | मूल बाटो | पशु वि. को बार | मूल बाटो | पोखरी र बान्डो | " | १ |
| ७ | | सार्वजनिक जग्गा | मूल बाटो | चौतारो | मूल बाटो | " | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | | बान्डो | सार्वजनिक जग्गा | बान्डो | बान्डो | " | १ |
| ९ | | बान्डो | सार्वजनिक जग्गा | बान्डो | बान्डो | " | १ |
| १० | | बान्डो | मूल बाटो | बान्डो | मूल बाटो | " | १ |
| ११ | | मूल बाटो | बान्डो | सार्वजनिक जग्गा | बाटो र गोविन्द | " | १ |
| १२ | | बान्डो | बान्डो | बान्डो | मूल बाटो | " | १ |
| १३ | | ओखलढुङ्गा, बाच्छेबुढुवाको ढुङ्गा र बालुवासमेतको सार्वजनिक जग्गा | | | | " | १ |
| १४ | | २८३ x १०० को लाम्पोखरी भन्ने जग्गा र पोखरीहरू | | | | " | १ |
| **जम्मा** | | | | | | **थाहा छैन** | |
| **कुल जम्मा** | | | | | | ४४०४-१३-३-० | |